नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(औद्योगिक तथा निर्यात प्रवर्द्धन महाशाखा)

सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्या :- औ.प्र. महाशाखा/०७७/७८

चलानी नम्बर :- ९४०

मिति २०७७/०७/०५

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

बिषयः वेभसाइट मार्फत सवै स्थानीय तहलाई सूचित गरिदिनुहुन ।

उपरोक्त सम्बन्धमा यस आर्थिक वर्षदेखि सवै स्थानीय तह मार्फत सञ्चालन हुने सशर्त अनुदानका रुपमा उपलव्ध वजेट तथा कार्यक्रम अन्तर्गतको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चलानका लागि "गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७" नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०७/०४ को निर्णयानुसार स्वीकृत भएको निर्देशिका साथै यो निर्देशिका वमोजिम सञ्चालन हुने कार्यक्रमको चालु आर्थिक वर्ष (२०७७/०७८) को प्रत्येक स्थानीय तह अनुसारको कार्यक्रमको लक्ष्य समेत यसैसाथ संलग्न छ। उल्लिखित स्वीकृत निर्देशिका तथा आ.व. २०७७/७८ को कार्यक्रमको लक्ष्य तहाँ मन्त्रालयको विद्युतीय सूचना प्रणाली (वेभसाइट) मार्फत राखि सबै स्थानीय तह (७५३) लाई सूचित गरिदिनुहुन आदेशानुसार अनुरोध छ।

(रामकृष्ण श्रेष्ठ)
शाखा अधिकृत

नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत मिति २०७७।०७।०४

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७

प्रस्तावना: लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुऱ्याउने उद्देश्यले नेपाल सरकारले स्वीकृत गरेको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई स्थानीय तहमा प्रभावकारी तथा व्यवस्थित रूपमा कार्यान्वयन तथा सञ्चालन गर्नको लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ ।

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो निर्देशिकाको नाम "गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अनुगमन उपसमिति" भन्नाले दफा ५८ को उपदफा (३) बमोजिम गठित अनुगमन उपसमिति सम्झनु पर्छ ।

(ख) "अति गरिब" भन्नाले गरिबीको रेखाभित्र पर्ने जनसङ्ख्या मध्ये नेपाल सरकारले अति गरिब भनी तोकेको व्यक्ति तथा परिवारको सदस्य सम्झनु पर्छ।

(ग) "उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता गरी उद्योग व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा समूह सम्झनु पर्छ।

(घ) "उद्यमशीलता विकास तालिम" भन्नाले व्यवसाय स्थापना तथा सञ्चालनका लागि आवश्यक उत्प्रेरणा तथा व्यावसायिक ज्ञान प्रदान गर्ने उद्देश्यले प्रदान गरिने व्यावसायिक तालिम सम्झनु पर्छ।

(ङ) "उद्यम विकास समिति" भन्नाले दफा ५२ बमोजिम गठित उद्यम विकास समिति सम्झनु पर्छ ।

यादव प्रसाद पोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(च) "एडभान्स तालिम" भन्नाले एक पटक सीप विकास तालिम लिई व्यवसाय सञ्चालन गरिरहेका उद्यमीलाई सोही विषयमा दिइने पुनर्ताजगी तथा उच्च स्तरको तालिम सम्झनु पर्छ र सो शब्दले आधारभूत सीप प्राप्त उद्यमीलाई दिइने थप तालिमलाई समेत जनाउँछ ।

(छ) "कार्यक्रम" भन्नाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (माइक्रो इन्टरप्राइजेज डेभलपमेन्ट फर पोभर्टी एलिभेसन-मेडपा) सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारको सशर्त अनुदानमा स्थानीय तहमा सञ्चालित लघु उद्यम विकास कार्यक्रमलाई समेत जनाउँछ ।

(ज) "कार्यपालिका" भन्नाले स्थानीय तहको कार्यपालिका सम्झनु पर्छ।

(झ) "कार्यालय" भन्नाले कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ञ) "कोसेली घर" वा "सौगात गृह" भन्नाले लघु उद्यमीबाट उत्पादित वस्तुहरू सङ्कलन गरी बिक्री गर्नको लागि स्थापित कक्ष सम्झनु पर्छ।

(ट) "गरीब" भन्नाले नेपाल सरकारले समय-समयमा तोकेको राष्ट्रिय वा क्षेत्रगत गरिबीको रेखामुनि रहेका व्यक्ति वा परिवार सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले गरिबीको पहिचान खुल्ने गरी वितरण गरेको परिचयपत्र प्राप्त व्यक्ति वा परिवारको सदस्यलाई समेत जनाउँछ।

(ठ) "गरिबीको रेखा" भन्नाले नेपाल सरकारले समय-समयमा तोकेको राष्ट्रिय गरिबीको रेखा सम्झनु पर्छ ।

(ड) "जेसीएमआईएस" भन्नाले कार्यक्रमको लागि प्रयोग गरिएको लैङ्गिक समानता तथा सामाजिक समावेशी व्यवस्थापन सूचना प्रणाली (जेण्डर इक्वालिटी एण्ड सोसियल इन्क्लुजन मेनेजमेन्ट इन्फरमेशन सिस्टम-जेसीएमआईएस) सम्झनु पर्छ र सो शब्दले मन्त्रालयले तोकेको तथ्याङ्क व्यवस्थापन गर्ने एकीकृत पोर्टल वा अन्य यस्तै प्रकृतिको सूचना व्यवस्थापन प्रणालीलाई समेत जनाउँछ।

यादव प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ण) "प्रविधि हस्तान्तरण" भन्नाले व्यवसाय सञ्चालन, विस्तार तथा स्तरोन्नति गर्नको लागि आवश्यक पर्ने उपकरण वा मेसिन उपलब्ध गराउने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस्तो मेसिन उपकरण खरिद गर्नको लागि लागत साझेदारीमा सहयोग गर्ने वा त्यस्तो उपकरण वा मेसिन सञ्चालन गर्न आवश्यक पर्ने विशेष प्रकारको सीप सिकाउने कार्यलाई समेत जनाउँछ।

(त) "बजारीकरण" भन्नाले लघु उद्यमको सञ्चालनबाट हुने वस्तुको उत्पादन, त्यस्तो वस्तुको मूल्य निर्धारण, प्रवर्द्धन तथा वितरण प्रणालीसँग सम्बन्धित उपभोक्ता केन्द्रित क्रियाकलाप सम्झनु पर्छ।

(थ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(द) "मूल्याङ्कन समिति" भन्नाले दफा १५ को उपदफा (१) बमोजिमको सेवा प्रदायक संस्था मूल्याङ्कन समिति सम्झनु पर्छ।

(ध) "लघु उद्यम" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को उपदफा (१) को खण्ड (क) बमोजिमको लघु उद्यम सम्झनु पर्छ ।

(न) "लघु उद्यम विकास (मेड) मोडेल" भन्नाले मागमा आधारित उद्यम विकासको लागि सामाजिक परिचालन, उद्यमशीलता विकास तालिम, सीप विकास तालिम, वित्तीय सेवामा पहुँच, प्रविधिमा पहुँच, बजारीकरण र व्यावसायिक परामर्श सेवा समेतको एकीकृत सेवा प्रदान गरी लघु उद्यमीको सिर्जना र स्तरोन्नति गर्ने पद्धति सम्झनु पर्छ ।

(प) "सेवा प्रदायक संस्था" भन्नाले लघु उद्यमी सिर्जना, प्रवर्द्धन, विकास तथा विस्तार वा स्वरोजागरी वा रोजगारीको लागि सीप विकास

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

यादव प्रसाद कोइराला
सचिव

तालिम प्रदान गर्न परिच्छेद-३ बमोजिम छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्था सम्झनु पर्छ ।

(फ) "शाखा प्रमुख" भन्नाले शाखाको प्रमुख सम्झनु पर्छ।

(ब) "शाखा" भन्नाले कार्यालय अन्तर्गतको उद्योग हेर्ने गरी तोकिएको शाखा वा उपशाखा सम्झनु पर्छ।

(भ) "सहजकर्ता" भन्नाले लघु उद्यमको स्थापना, विकास तथा प्रवर्द्धन गर्नका लागि दफा ५ बमोजिम छनौट भएका उद्यम विकास सहजकर्ता (ईन्टरप्राइज डेभलपमेण्ट फेसिलिटेटर-ईडिएफ) सम्झनु पर्छ र सो शब्दले यस निर्देशिका बमोजिम सहजकर्ताले सम्पादन गर्ने गरी तोकिएको काम, कर्तव्य र अधिकारको प्रयोग र पालना गर्ने गरी छनौट गरिएको अन्य व्यक्तिलाई समेत जनाउँछ।

(म) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिका सम्झनु पर्छ।

(य) "स्तरोन्नति" भन्नाले उत्पादन, गुणस्तर, प्याकेजिङ्ग, पूँजी, मुनाफा, रोजगार जस्ता पक्षमा उद्यममा देखिने सकारात्मक परिवर्तन सम्झनु पर्छ।

(र) "सीप विकास तालिम" भन्नाले व्यवसाय स्थापना, विकास तथा प्रवर्द्धनका लागि आवश्यक पर्ने प्राविधिक सीपमूलक तालिम सम्झनु पर्छ।

(ल) "साझेदार संस्था" भन्नाले कार्यक्रम सञ्चालनको लागि प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्था सम्झनु पर्छ ।

(व) "साझा सुविधा केन्द्र (उद्यम घर)" भन्नाले दफा ३२ बमोजिम स्थापना भएको साझा सुविधा केन्द्र (उद्यम घर) सम्झनु पर्छ ।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं

यादव प्रसाद कोइराला
सचिव

परिच्छेद-२

कार्यक्रम सञ्चालन तथा लक्षित समूह

३. **स्थानीय तहको जिम्मेवारी हुने:** यस निर्देशिका बमोजिम कार्यक्रम सञ्चालन गर्ने सम्पूर्ण जिम्मेवारी स्थानीय तहको हुनेछ ।

४. **लक्षित समूह:** (१) दफा ३ बमोजिम कार्यक्रम सञ्चालनको लागि लक्षित समूह देहाय बमोजिम हुनेछः-

(क) गरिबीको रेखामुनि रहेका नेपाली नागरिक,

(ख) वैदेशिक रोजगारीबाट फर्किएका वा स्वदेशमा रोजगारी गुमाएका बेरोजगार व्यक्ति,

(ग) विगतमा लघु उद्यम स्थापनाका लागि गरिएको सहयोग मध्ये यस अघि आंशिक सहयोग मात्र प्राप्त गरी सञ्चालनमा नआएका तर थप सहयोग प्राप्त भएमा सञ्चालन हुन सक्ने सम्भावित लघु उद्यमी,

(घ) हाल सञ्चालनमा नआएको भए तापनि भविश्यमा सञ्चालन गर्न सम्भावना भएको लघु उद्यमसँग सम्बन्धित सेवा लिन इच्छुक खण्ड (क) वा (ख) बमोजिमका समूह ।

(२) उपदफा (१) बमोजिमका लक्षित समूहबाट उद्यमी छनौट गर्दा कम्तीमा सत्तरी प्रतिशत महिला र कम्तीमा साठी प्रतिशत (१६-४० वर्षसम्मका) युवा समावेश हुने गरी छनौट गर्नु पर्नेछ।

५. **सहजकर्ताको छनौट:** (१) स्थानीय तहले कार्यक्रम सञ्चालनको लागि दफा ६ बमोजिमको योग्यता पुगेका व्यक्तिहरू मध्येबाट प्रतिष्पर्धाको आधारमा उद्यम विकास सहजकर्ता छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सहजकर्ताको छनौट गर्दा उपलब्ध भएसम्म दफा ६ को खण्ड (क) बमोजिम योग्यता भएका र नेपाल सरकारले स्थापना गरेको श्रम सूचना बैङ्कमा सूचीकृत भएका उद्यम विकास सहजकर्तालाई प्राथमिकता दिनु पर्नेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

यादव प्रसाद कोइराला
सचिव

(३) उपदफा (१) बमोजिम सहजकर्ता छनौट गर्दा देहाय बमोजिमको सङ्ख्यामा गर्नु पर्नेछः-

(क) साठी जनासम्म नयाँ लघु उद्यमी सिर्जना गर्नको लागि एक जना,

(ख) साठी जनाभन्दा बढी एक सय पच्चीस जनासम्म नयाँ लघु उद्यमी सिर्जना गर्नको लागि दुई जना,

(ग) एक सय पच्चीस जनाभन्दा बढी नयाँ लघु उद्यमी सिर्जना गर्नको लागि प्रति पचहत्तर जनाको लागि थप एक जना ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक जना मात्र सहजकर्ता छनौट भएमा त्यस्तो सहजकर्तासँग सेवा करार सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न बाधा पुगेको मानिने छैन ।

(५) सहजकर्ताको कार्य विवरण अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सहजकर्ता सम्बन्धित स्थानीय तहमा पूर्णकालीन रूपमा कार्यरत रहेको भएमा निजलाई नै परिचालन गर्नु पर्नेछ।

(७) यस दफा बमोजिम छनौट भएका सहजकर्तासँग कार्यालयले कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक करार सम्झौता गर्नेछ ।

(८) कार्यालयले उपदफा (७) बमोजिम करार सम्झौता गर्दा कार्यसम्पादन नतिजामा आधारित हुने गरी गर्नु पर्नेछ ।

(९) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुगमन उपसमितिले कार्यक्रमको कार्यन्वयनको सम्बन्धमा अनुगमन गर्दा दफा १० बमोजिमको कार्ययोजना अनुरूप कार्यसञ्चालन नभएको पाइएमा उद्यम विकास समितिको निर्णय बमोजिम कार्यालयले सम्बन्धित सहजकर्तासँग गरिएको सम्झौता भङ्ग गर्न सक्नेछ ।

तर त्यसरी सम्झौता भङ्ग गर्नु अघि सम्बन्धित सहजकर्तालाई स्पष्टीकरणको मनासिब मौका दिनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम सहजकर्तासँग गरिएको सम्झौता भङ्ग भएमा कार्यान्वयन हुन बाँकी क्रियाकलाप सञ्चालन गर्नको लागि उपदफा (१) बमोजिम सहजकर्ता छनौट गर्दा योग्यताक्रमको पहिलो क्रममा रहेको सहजकर्तासँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

यादव प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

६. **सहजकर्ताको योग्यताः** सहजकर्ताको योग्यता देहाय बमोजिम हुनेछः-

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको, वा

(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उत्तीर्ण गरेको ।

७. **सहजकर्ता छनौट गर्नु पर्ने अवधिः** (१) कार्यालयले कार्यक्रम सञ्चालन गर्ने प्रयोजनको लागि प्रथम चौमासिक अवधिभित्र आवश्यक सहजकर्ता छनौट गरिसक्नु पर्नेछ ।

तर आर्थिक वर्ष २०७७/०७८ को हकमा उल्लेखित अवधिभित्र कुनै कारणवश सहजकर्ता छनौट हुन नसकेमा त्यसरी सहजकर्ता छनौट हुन नसक्नुको उचित आधार र कारण उल्लेख गरी उद्यम विकास समितिको निर्णय बमोजिम कार्यालयले एक महिनाको अवधि थप गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र सहजकर्ताको छनौट हुन नसकेमा वा दोस्रो चौमासिकसम्म उद्यमी सिर्जना वा स्तरोन्नति शीर्षकमा वित्तीय वा भौतिक प्रगति हुन नसकेमा सम्बन्धित स्थानीय तहले कार्यक्रम सञ्चालनको लागि प्राप्त बजेट प्रचलित कानून बमोजिम समर्पण गरी नेपाल सरकार, अर्थमन्त्रालयमा फिर्ता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बजेट समर्पण भएमा दफा ५ बमोजिम सहजकर्तासँग गरिएको करार सम्झौता स्वतः समाप्त भएको मानिनेछ।

८. **कार्यक्रम संयोजक नियुक्त गर्न सक्नेः** (१) कार्यक्रमको लागि प्राप्त सशर्त अनुदानको बराबर वा सोभन्दा बढी रकम स्थानीय तहले आफ्नो स्रोतबाट विनियोजन गरी थप लक्ष्यसहित कार्यक्रम सञ्चालन गर्ने भएमा कार्यालयले दफा ५ बमोजिम छनौट भएको सहजकर्ताको अतिरिक्त थप एक जना स्थानीय व्यक्तिलाई कार्यक्रम संयोजकको रूपमा नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम संयोजक नियुक्त गर्दा स्थानीय तहले आफ्नै स्रोतबाट आवश्यक सबै खर्च व्यहोर्ने गरी निजसँग सेवा करार सम्झौता गरी कार्यक्रम संयोजक नियुक्त गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कार्यक्रम संयोजक नियुक्त गर्दा कम्तीमा स्नातक तह उत्तीर्ण गरेका व्यक्तिहरू मध्येबाट लघु उद्यम, व्यवसाय विकास वा व्यावसायिक

यादव प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

सीप विकास, आय आर्जनको क्षेत्रमा योजना, संयोजन, निर्देशन, अनुगमन र निरीक्षण जस्ता कार्यमा अनुभव प्राप्त गरेको व्यक्तिलाई प्रतिष्पर्धाको आधारमा नियुक्त गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम कार्यक्रम संयोजक नियुक्त गर्दा उपलब्ध भएसम्म प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह ४ उत्तीर्ण गरेको व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम नियुक्त हुने कार्यक्रम संयोजकले स्थानीय तहमा व्यवसाय र उद्यमशीलता विकासका लागि अन्य निकायबाट सञ्चालित कार्यक्रमको कार्यक्रम संयोजकको रुपमा काम गर्नेछ ।

तर नेपाल सरकार र प्रदेश सरकारको तर्फबाट व्यवसाय र उद्यमशीलता विकास तथा प्रवर्द्धन गर्ने कार्यक्रम लागू भई कार्यक्रम संयोजक नियुक्त भएको भए निजलाई नै यस कार्यक्रमको कार्यक्रम संयोजकको रुपमा परिचालन गर्नु पर्नेछ ।

९. <u>सम्पर्क व्यक्ति तोक्नु पर्ने</u>: प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुख वा सो शाखाको अन्य कर्मचारीलाई कार्यक्रम सञ्चालन गर्नको लागि निजले पूरा गर्नु पर्ने जिम्मेवारी सहित सम्पर्क व्यक्ति (फोकल पर्सन) को रूपमा कामकाज गर्न तोक्नु पर्नेछ ।

१०. <u>कार्ययोजना तयार गर्नु पर्ने</u>: (१) यस निर्देशिका बमोजिम कार्यक्रम सञ्चालनको लागि शाखाले अनुसूची-२ बमोजिमको ढाँचामा कार्ययोजना तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजना तयार गर्दा शाखाले सम्बन्धित स्थानीय तहको योजना र आर्थिक प्रशासन हेर्ने शाखासँग समेत समन्वय गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पेश हुन आएको कार्ययोजना मनासिब देखिएमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृतिको लागि उद्यम विकास समितिमा पेश गर्न शाखालाई निर्देशन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश हुन आएको कार्ययोजना मितव्ययी, प्रभावकारी, पारदर्शी र नतिजामुखी हुने गरी उद्यम विकास समितिले त्यस्तो कार्ययोजना स्वीकृत गरी कार्यान्वयनको लागि शाखामा पठाउनु पर्नेछ ।

(५) स्थानीय तहले लघु उद्यम, आय आर्जन, रोजगारी सिर्जना, वर्ग समुदाय लक्षित कार्यक्रम, उद्यमशीलता विकास तथा सीप विकास तालिम शीर्षकमा छुट्याएको रकमबाट लघु उद्यम विकास (मेड) मोडेल अनुरुप उद्यमी सिर्जना र स्तरोन्नति गर्नको लागि कार्यक्रम तथा कार्ययोजना स्वीकृत गरी यसै निर्देशिका बमोजिम कार्यान्वयन गर्न सक्नेछ।

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

परिच्छेद-३

सेवा प्रदायक संस्था मार्फत कार्यक्रम सञ्चालन

११. **सेवा प्रदायक संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने:** यस निर्देशिका बमोजिम स्थानीय तहले नयाँ लघु उद्यमीको सिर्जना तथा लघु उद्यमको स्तरोन्नतिको लागि आवश्यक एडभान्स तालिम तथा सीप विकास तालिम सञ्चालन गर्नको लागि आफूसँग आवश्यक भौतिक पूर्वाधार, तालिम प्रदान गर्ने सीपयुक्त जनशक्ति लगायत अन्य आवश्यक पूर्वाधारहरू उपलब्ध नभएमा अनुसूची-३ मा उल्लिखित कार्यक्रम तथा बजेटको अधीनमा रही सोही अनुसूचीमा उल्लिखित सेवा प्रदायक संस्था मार्फत सेवा खरिद गरी सञ्चालन गर्न सकिने गरी निर्धारित कार्यक्रमहरू सञ्चालन गर्नको लागि व्यवसाय विकास सेवा प्रदायक संस्थासँग सेवा करार गरी कार्यक्रम सञ्चालन गर्न वा गराउन सक्नेछ ।

१२. **कार्यविवरण तयार गर्ने:** (१) दफा ११ बमोजिम कार्यक्रम सञ्चालनको लागि सेवा प्रदायक संस्थाको छनौट गर्नु पर्दा शाखाले मूल्याङ्कन समितिसँग समन्वय गरी सेवा प्रदायक संस्थाले प्रवाह गर्नु पर्ने सेवाको विवरण सहितको अनुसूची-४ बमोजिमको ढाँचामा कार्यविवरण तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको कार्यविवरणमा अनुसूची-४ बमोजिमको प्राविधिक प्रस्तावको ढाँचा संलग्न गर्नुको साथै प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्ने आधार समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम कार्यविवरण तयार गर्ने, प्राविधिक प्रस्तावको ढाँचा तयार गर्ने तथा प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्ने आधार निर्धारण गर्ने कार्यको लागि शाखाले सम्बन्धित क्षेत्रमा अनुभव र योग्यता भएका विज्ञ तथा परामर्शदाताको सहयोग लिन सक्नेछ।

१३. **संक्षिप्त सूचीको लागि आशयपत्र माग गर्ने:** दफा ११ को प्रयोजनको लागि सेवा प्रदायक संस्थाको छनौट तथा परिचालन गर्न शाखाले मूल्याङ्कन समितिसँग समन्वय गरी स्थानीय तहमा काम गर्न इच्छुक सेवा प्रदायक संस्थाबाट सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा स्थानीय तहको खरिद नियमावली बमोजिम राष्ट्रिय वा स्थानीय स्तरको दैनिक पत्रिका वा अन्य सञ्चार माध्यममार्फत समेत सूचना प्रकाशन वा प्रसारण गरेर संक्षिप्त सूची तयार गर्नको लागि इच्छुक सेवा प्रदायक संस्थाबाट अनुसूची- ४ बमोजिमको ढाँचामा आशयपत्र माग गर्नु पर्नेछ।

अमृत प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

१४. <u>संक्षिप्त सूची तयार गर्ने आधारः</u> (१) दफा १३ बमोजिम आशयपत्र पेश गर्ने सेवा प्रदायक संस्थाको संक्षिप्त सूची तयार गर्दा शाखाले सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा स्थानीय तहको खरिद नियमावलीमा उल्लेख भएका आधारका अतिरिक्त देहायका कुराहरू समेतको आधारमा संक्षिप्त सूची तयार गर्नु पर्नेछः-

(क) सम्बन्धित संस्थाले उद्यमी सिर्जना वा सीप विकास तालिम प्रदान सम्बन्धी यस पूर्व गरेका कामहरू,

(ख) सम्बन्धित संस्थाको कार्यक्षेत्र तथा भौगोलिक उपस्थिति,

(ग) सम्बन्धित संस्थामा आवद्ध जनशक्तिको अवस्था, क्षमता र समावेशीपन,

(घ) सम्बन्धित संस्थाको आर्थिक तथा प्राविधिक क्षमता,

(ङ) सम्बन्धित लैङ्गिक समानता र सामाजिक समावेशी सम्बन्धमा सम्बन्धित संस्थाको उद्देश्य,

(च) सम्बन्धित संस्थाले प्रचलित कानून बमोजिम करचुक्ता गरेको प्रमाण।

(२) उपदफा (१) बमोजिम संक्षिप्त सूचीको प्रयोजनको लागि सेवा प्रदायक संस्थाको सूची तयार गर्दा देहाय बमोजिमको अङ्कको आधारमा मूल्याङ्कन गरी संक्षिप्त सूची तयार गर्नु पर्नेछः-

(क) योग्यता (दक्ष जनशक्तिको योग्यता र अनुभव) -३० प्रतिशत देखि ५० प्रतिशत सम्म,

(ख) अनुभव (सेवा प्रदायक सम्बन्धमा, गत तीन वर्ष भित्रमा सेवा प्रदायकको विशेष अनुभव र उस्तै प्रकृतिको भौगोलिक क्षेत्रको अनुभव)-४० देखि ६० प्रतिशत सम्म,

(ग) क्षमता (वित्तीय क्षमता र प्रस्तावित परियोजनासँग सम्बन्धित भौतिक पूर्वाधार/उपकरण)-१० प्रतिशत देखि २० प्रतिशत सम्म ।

(३) उपदफा (२) मा उल्लेख भएको अतिरिक्त सम्बन्धित स्थानीय तह र जिल्लाको लागि पहिलो, सम्बन्धित प्रदेशको भित्रको सो स्थानीय तहको भौगोलिक सिमाना जोडिएको अन्य जिल्ला तथा सम्बन्धित प्रदेशका अन्य जिल्लाको लागि दोश्रो र अन्य प्रदेशका जिल्लाका सेवा प्रदायक संस्थाको आशयपत्र र प्रस्तावलाई तेश्रो प्राथमिकताका राखी सोही आधारमा अङ्कभार कायम गरी सेवा प्रदायक संस्थाको छनौट गर्नु पर्नेछ।

प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(४) उपदफा (३) मा उल्लिखित व्यवस्थाको अतिरिक्त सेवा प्रदायक संस्था छनौट गर्दा सम्बन्धित जिल्लामा दर्ता भएको भए थप दुई अङ्क र सम्बन्धित प्रदेश अन्तर्गतका अन्य जिल्लामा दर्ता भएको भए थप एक अङ्क प्रदान गरी सेवा प्रदायक संस्था मूल्याङ्कन गर्नु पर्नेछ।

१५. <u>मूल्याङ्कन समितिको गठनः</u> (१) दफा १४ बमोजिम संक्षिप्त सूची तयार गर्ने प्रयोजन र त्यस्ता सेवा प्रदायक संस्थाबाट दफा १७ बमोजिम प्राप्त प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याङ्कन गरी अन्तिम छनौट गर्नको लागि उद्यम विकास समितिले देहाय बमोजिमको सेवा प्रदायक संस्था मूल्याङ्कन समिति गठन गर्नेछः-

(क)	प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी	-संयोजक
(ख)	संयोजकले तोकेको एक जना कर्मचारी	-सदस्य
(ग)	प्रमुख, आर्थिक प्रशासन हेर्ने शाखा	-सदस्य
(घ)	प्रमुख, योजना हेर्ने शाखा वा उपशाखा	-सदस्य
(ङ)	शाखा प्रमुख	-सदस्य-सचिव

(२) मूल्याङ्कन समितिले आवश्यकता अनुसार यस क्षेत्रमा अनुभव र योग्यता भएका विज्ञबाट प्राविधिक सहयोग लिन सक्नेछ ।

(३) मूल्याङ्कन समितिले मूल्याङ्कन गर्न योग्य प्रस्तावको मापदण्ड निर्धारण गर्नेछ।

(४) मूल्याङ्कन प्रकृयामा कुनै द्विविधा उत्पन्न भएमा सार्वजनिक खरिद अनुगमन कार्यालयको परामर्श लिन सकिनेछ ।

१६. <u>सेवा प्रदायक संस्थाको प्रारम्भिक छनौट गर्नु पर्नेः</u> (१) दफा १३ बमोजिम पर्न आएका आशयपत्र खोली मूल्याङ्कन गर्न योग्य देखिएका आशयपत्र छनौट गर्नको लागि आशयपत्र प्राप्त भएको सात दिनभित्र शाखाले मूल्याङ्कन समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) मूल्याङ्कन समितिले उपदफा (१) बमोजिम प्राप्त आशयपत्रको पन्ध्र दिनभित्र मूल्याङ्कन गरेर प्राथमिकता कायम गरी प्रारम्भिक छनौटका लागि कम्तीमा तीनवटा आशयपत्रको सूची तयार गरी सिफारिश सहित निर्णयको लागि उद्यम विकास समिति समक्ष पेश गर्नु पर्नेछ।

(३) मूल्याङ्कन समितिले गरेको सिफारिशको आधारमा उद्यम विकास समितिले सेवा प्रदायक संस्थाको छनौटको निर्णय गरी सो बमोजिमको सूची राष्ट्रिय वा स्थानीय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

यादव प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(४) उपदफा (२) बमोजिम कम्तीमा तीन वटा सेवा प्रदायक संस्थाको छनौट हुन नसकेमा शाखाले पन्ध्र दिनको सूचना प्रकाशन गरी पुनः छनौट प्रकृया अगाडि बढाउनु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) बमोजिम सूचना प्रकाशन गर्दा तीन वटाभन्दा कम संस्थाको आशयपत्र परेमा त्यस्तो आशयपत्र मूल्याङ्कन गर्न बाधा पर्ने छैन ।

(६) कार्यालयले यस दफा बमोजिम प्रारम्भिक छनौटमा परेका सेवा प्रदायक संस्थालाई छलफलमा सहभागी गराई कार्यक्रम बारे जानकारी गराउनु पर्नेछ ।

१७. <u>प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने:</u> (१) उद्यम विकास समितिको निर्णयानुसार शाखाले प्रारम्भिक छनौटको सूचीमा परेका सेवा प्रदायक संस्थाबाट उद्यमी सिर्जना तथा स्तरोन्नति सम्बन्धी सेवा लिनको लागि अनुसूची-५ बमोजिमको ढाँचामा प्राविधिक प्रस्ताव र अनुसूची-६ बमोजिमको ढाँचामा आर्थिक प्रस्ताव पेश गर्न तीस दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा तोकिएको म्यादभित्र इच्छुक सेवा प्रदायक संस्थाले प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलबन्दी गरी शाखामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र प्राप्त हुन आएका प्राविधिक र आर्थिक प्रस्तावलाई शाखाले सो अवधि नाघेको तीन दिनभित्र मूल्याङ्कनको लागि प्रस्तावदाताको विवरण सहित मूल्याङ्कन समितिसमक्ष पठाउनु पर्नेछ।

(४) मूल्याङ्कन समितिले उपदफा (३) बमोजिम आफूसमक्ष प्राप्त हुन आएका प्राविधिक प्रस्ताव मूल्याङ्कन गरिसकेपछि आर्थिक प्रस्ताव खोल्नु पर्नेछ। आर्थिक प्रस्ताव मूल्याङ्कन गरिसकेपछि राय सहितको सिफारिस उद्यम विकास समिति समक्ष पेश गर्नु पर्नेछ।

(५) मूल्याङ्कन समितिले उपदफा (४) बमोजिम प्रस्ताव खोलेको मितिले सात दिनभित्र प्राविधिक प्रस्तावको भार बढीमा असी प्रतिशत र आर्थिक प्रस्तावको भार बढीमा बीस प्रतिशत कायम गरी मूल्याङ्कन गर्दा सारभूत रूपमा प्रभावग्राही देखिएको प्रस्ताव छनौट गर्नु पर्नेछ।

(६) मूल्याङ्कन समितिले प्राविधिक र आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा अनुसूची- ७ मा उल्लेख भएको प्रक्रिया अपनाउनु पर्नेछ।

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(७) उपदफा (५) बमोजिम छनौट भएको संस्थासँग कार्यालयले उद्यम विकास समितिको अध्यक्ष वा निजले तोकेको सदस्यको रोहवरमा सात दिनभित्र अनुसूची-८ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम कुनै सेवा प्रदायक संस्था सम्झौता गर्न नआएमा त्यस्तो संस्थाले कार्यक्रम सञ्चालनको लागि गरिने त्यसपछि लगातार दुई वर्षको छनौट प्रक्रियामा सहभागी हुन पाउने छैन।

(९) उपदफा (८) बमोजिमको पहिलो योग्यताक्रममा परेको सेवा प्रदायक संस्था सम्झौता गर्न नआएमा क्रमशः दोस्रो र तेस्रो योग्यताक्रममा रहेका सेवा प्रदायक संस्थासँग सम्झौता गर्न सकिनेछ।

(१०) यस दफा बमोजिम सम्झौता भइसकेपछि पनि सम्झौता अनुसार कुनै सेवा प्रदायक संस्थाले निर्धारित समयमा तोकिएको गुणस्तर एवं मात्रामा कार्य सम्पन्न नगरेमा उक्त संस्थाबाट प्रचलित कानून बमोजिम क्षतिपूर्ति समेत भराइनेछ।

१८. <u>सेवा प्रदायक संस्थासँग गरिने सम्झौतामा उल्लेख गर्नुपर्ने कुराहरु:</u> दफा १७ बमोजिम गरिने सम्झौतामा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा स्थानीय तहको खरिद नियमावलीमा उल्लिखित व्यवस्था समेतको आधारमा देहायका कुरा उल्लेख गर्नु पर्नेछः-

(क) सम्झौता अवधिभर गर्नुपर्ने उद्यमी सिर्जना तथा स्तरोन्नतिको लागि आवश्यक एडभान्स तालिम तथा सीप विकास तालिम सम्बन्धी क्रियाकलापको विस्तृत विवरण,

(ख) प्राविधिक सीप विकास तालिम, प्रविधिमा पहुँचसम्मका लागि सहयोग र सहजीकरणका विभिन्न चरणमा उद्यमीलाई प्रदान गरिने सहयोग सम्बन्धमा आधार र कारण सहितको प्रतिवेदन पेश गर्नु पर्ने विषय,

(ग) निर्धारित ढाँचामा कार्य प्रगति नियमित रूपमा पेश गर्नु पर्ने विषय,

(घ) सम्झौता बमोजिमको कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने जनशक्तिको विवरण,

(ङ) एडभान्स तालिम तथा सीप विकास तालिमको लागि प्रविधिको पहिचान देखि हस्तान्तरणसम्मका प्रक्रिया,

(च) अनुगमन गर्ने पदाधिकारी, निकाय तथा तेश्रो पक्षलाई संस्थाले सहयोग गर्नु पर्ने विषय,

यादव प्रसाद इराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(छ) सेवा प्रदान गरेबापत रकम भुक्तानी सम्बन्धी विषय,

(ज) उद्यम विकास समितिले तोकेका अन्य विषय ।

१९. <u>सेवा प्रदायक संस्थाको छनौट गरिसक्नुपर्ने अवधिः</u> (१) कार्यालयले कार्यक्रम सञ्चालन गर्ने प्रयोजनको लागि प्रथम चौमासिक अवधिभित्र आवश्यक सेवा प्रदायक संस्था छनौट गरिसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै कारणवश सेवा प्रदायक संस्था छनौट हुन नसकेमा त्यसरी सेवा प्रदायक संस्था छनौट हुन नसक्नुको उचित आधार र कारण उल्लेख गरी उद्यम विकास समितिको निर्णय बमोजिम कार्यालयले दुई महिना म्याद थप गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिसम्म पनि सेवा प्रदायक संस्था छनौट हुन नसकेमा वा दोस्रो चौमासिकसम्म पनि उद्यमी सिर्जना वा स्तरोन्नति शीर्षकमा वित्तीय वा भौतिक प्रगति हुन नसकेमा सम्बन्धित स्थानीय तहले कार्यक्रम सञ्चालनको लागि प्राप्त बजेट प्रचलित कानून बमोजिम समर्पण गरी नेपाल सरकार, अर्थ मन्त्रालयमा फिर्ता गर्नु पर्नेछ।

२०. <u>व्यवसाय विकास सेवा खरिद गर्न सक्नेः</u> (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीस लाख रुपैयाँभन्दा कम रकमको व्यवसाय विकास सेवा खरिद गर्नु परेमा स्थानीय तहले मौजुदा सूचीमा रहेका सेवा प्रदायक संस्थाबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी अनुसूची-३ मा सेवा प्रदायक संस्था मार्फत गर्नसक्ने भनी तोकिएका क्रियाकलाप सञ्चालन गर्न सेवा खरिद गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव माग गर्दा कम्तीमा तीनवटा सेवा प्रदायक संस्थासँग छुट्टाछुट्टै खाममा प्राविधिक र आर्थिक प्रस्ताव माग गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कन गर्दा सेवाको लागत र गुणस्तरको आधारमा गर्नु पर्नेछ।

(४) प्राविधिक र आर्थिक प्रस्तावको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८१ तथा यस निर्देशिका बमोजिम मूल्याङ्कन समितिले मूल्याङ्कन गरी उपयुक्त प्रस्तावक छनौट गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको मूल्याङ्कनबाट पहिलो योग्यताक्रममा रहेको प्रस्तावकसँग उद्यम विकास समितिको निर्णय बमोजिम कार्यालयले सम्झौता गर्नु पर्नेछ।

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

परिच्छेद-४

नयाँ लघु उद्यमीको सिर्जना

२१. **वडाको छनौट गर्नु पर्ने:** (१) उद्यम विकास समितिले लक्ष्य, बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सहभागितामूलक स्थानीय योजना तर्जुमाको सिद्धान्तको आधारमा कार्यक्रम सञ्चालन हुने वडाको छनौट गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०७७/०७८ को हकमा विषयगत समिति र बजेट तर्जुमा समितिसँग परामर्श गरी कार्यपालिकाले बजेट तथा कार्यक्रम स्वीकृत गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम वडाको छनौट गर्दा देहायका प्राथमिकताको आधारमा गर्नु पर्नेछ :-

(क) लक्षित समूहको उपस्थिति, रोजगारीको स्थिति र गरिबीको स्थिति,

(ख) लघु उद्यमको लागि उपलब्ध हुने श्रोत, कच्चा पदार्थको अवस्था तथा बजारको सम्भाव्यता,

(ग) लघु उद्यमीको लागि उपलब्ध हुने सम्भाव्य अवसरहरू,

(घ) उद्यम विकास रणनीतिक योजनाको प्राथमिक क्षेत्र,

(ङ) उद्यम विकास समितिले आवश्यक ठानेका अन्य विषय ।

२२. **नयाँ लघु उद्यमी सिर्जना कार्यक्रम सञ्चालन गर्ने:** (१) स्थानीय तहले नयाँ लघु उद्यमीको सिर्जना सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा अनुसूची-९ मा उल्लेख भए बमोजिम लघु उद्यम विकास (मेड) मोडेल अनुरूप गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नयाँ लघु उद्यमी सिर्जनाको लागि कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्नु पर्नेछः-

(क) बजार, श्रोत तथा सम्भाव्यता अध्ययन,

(ख) घरधुरी सर्वेक्षण,

(ग) समूह निर्माण र क्षमता वृद्धि,

(घ) उद्यमशीलता विकास तालिम,

(ङ) सीप विकास तालिम,

(च) कर्जा प्रवाह गर्न सहयोग र सहजीकरण,

(छ) उपयुक्त प्रविधिमा पहुँचका लागि सहयोग र सहजीकरण,

(ज) उद्यम स्थापना र सञ्चालन,

(झ) व्यवसायिक परामर्श तथा बजार विस्तार,

(ञ) साझा सुविधा केन्द्र स्थापना तथा सञ्चालनमा सहजीकरण ।

यादव प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

२३. <u>प्रारम्भिक सर्वेक्षण गर्ने:</u> (१) सहजकर्ताले शाखासँग परामर्श गरी उद्यम विकास समितिको निर्णय बमोजिम कार्यक्रम सञ्चालनको लागि दफा २१ बमोजिमका वडाहरूमा लघु उद्यमी सिर्जनाका आधारहरू बारे प्रारम्भिक सर्वेक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक सर्वेक्षण गर्दा देहायका विधिहरू अपनाउनु पर्नेछः-

(क) सहभागितामूलक ग्रामीण लेखाजोखा (पार्टिसिपेटरी रूरल एप्राइजल-पिआरए)

(ख) खण्ड (क) को आधारमा गरिएको गरिबीको स्तर नक्साङ्कन,

(ग) अनुसूची-१० को फाराम ए, बी र सी बमोजिमको घरधुरी सर्वेक्षण, सहभागी छनौट र मौजुदा उद्यमी सर्वेक्षण फाराम,

(घ) अनुसूची-११ को फाराम डी बमोजिमको बजार सम्भाव्यता विश्लेषण।

(३) उपदफा (२) बमोजिम गरिएको सर्वेक्षणको आधारमा सहजकर्ताले वडाको सामाजिक तथा आर्थिक स्थितिको लेखाजोखा सहितको प्रारम्भिक सर्वेक्षण प्रतिवेदन तयार गरी छलफल तथा परामर्शको लागि शाखामा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम छलफल तथा परामर्शका लागि पेश भएको प्रतिवेदन उपर शाखाले बढीमा तीन दिनभित्र छलफल गरी आवश्यक परामर्श दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम शाखाले उपलब्ध गराएको परामर्शसहित तयार भएको अन्तिम प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतबाट अनुमोदन भएपछि प्रारम्भिक सर्वेक्षण कार्य पूरा भएको मानिनेछ ।

२४. <u>बजार, प्रविधि तथा वातावरण सम्भाव्यता पहिचान गर्ने:</u> (१) शाखाले सहजकर्ता मार्फत नयाँ लघु उद्यमी सिर्जना गर्नको लागि महिला, दलित, आदिबासी जनजाति, मुस्लिम, थारू, सीमान्तकृत, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र अति गरिबहरूको पहुँच विश्लेषणलाई ध्यान दिँदै देहायका विषयहरूमा केन्द्रित रही अनुसूची-११ को फाराम ई, एफ, जी१, जी२ बमोजिम विश्लेषण गरी बजार, प्रविधि तथा वातावरण सम्भाव्यता पहिचान प्रतिवेदन तयार गर्नु पर्नेछः-

(क) स्थानीयस्तरमा उपलब्ध हुने कच्चा पदार्थको सूची तथा सोको विश्लेषण,

(ख) उपलब्ध प्रविधिको सूची तथा सोको विश्लेषण,

यादव प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(ग) स्थानीय कच्चा पदार्थ र प्रविधिका आधारमा आवश्यक पर्ने सीपको सूची तथा सोको विश्लेषण,

(घ) सम्भावित औद्योगिक वस्तु तथा त्यस्तो वस्तु उपभोग गर्ने सम्भावित उपभोक्ता,

(ङ) उद्यम सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधारको अवस्था, र

(च) वातावरणीय प्रभाव तथा व्यावसायिक वातावरणको अवस्था ।

(२) उपदफा (१) बमोजिम तयार भएको प्रतिवेदनमा सम्बन्धित वडा क्षेत्रमा सञ्चालनको सम्भावना देखिएका लघु उद्यमको सूची समेत समावेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम तयार भएको प्रतिवेदनको बारेमा सम्भावित उद्यमीलाई अभिमुखीकरण गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम तयार भएको प्रतिवेदनको एक प्रति तथा उपदफा (३) बमोजिम अभिमुखीकरणको जानकारी शाखाले सम्बन्धित वडा कार्यालय र उद्यम विकास समितिलाई पठाउनु पर्नेछ।

२५. <u>सम्भाव्य लघु उद्यमीको पहिचान र छनौट गर्ने:</u> (१) दफा २३ र २४ बमोजिम गरिएको सम्भाव्य लघु उद्यमीको प्रारम्भिक सर्वेक्षण प्रतिवेदनबाट गरिबीको रेखामुनिको परिवार भनी ठहरिएका परिवारलाई लक्षित समूह मानी सोही समूहका सदस्यलाई सम्भाव्य लघु उद्यमीको रूपमा पहिचान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्भाव्य लघु उद्यमी पहिचान गर्दा कार्यक्रमको उद्देश्य बमोजिम लक्षित समूह (गरिबीको रेखामुनि रहेका, महिला, दलित, जनजाति, मुस्लिम, थारू, सिमान्तकृत, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र अति गरिब) को अनुपातको आधारमा गर्नु पर्नेछ।

(३) सम्भाव्य लघु उद्यमी पहिचान गर्दा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिको हकमा निजले वैदेशिक रोजगारीको क्रममा सिकेको सीप, उद्यम प्रतिको प्रतिबद्धता, उपयुक्त उमेर समूह, जोखिम वहन गर्न सक्ने क्षमता, चाहना, तत्परता, उद्यमको लागि दिने समय, गतिशीलता जस्ता आधारमा पहिचान गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सम्भाव्य लघु उद्यमीको पहिचान गरेपछि सोको विवरण तयार गरी जेसीएमआईएस सफ्टवेयरको सहयोगबाट सम्भाव्य उद्यमीको अन्तिम छनौट गर्नु पर्नेछ।

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(५) उपदफा (४) बमोजिम सम्भाव्य लघु उद्यमीको अन्तिम छनौट भएको मितिले सात दिन भित्र सहजकर्ताले सोको प्रतिवेदन तयार गरी शाखा, वडा कार्यालय र उद्यम विकास समितिमा पठाउनु पर्नेछ।

२६. <u>समूह निर्माण गर्ने:</u> (१) दफा २५ बमोजिम सम्भाव्य उद्यमी पहिचान तथा छनौट भइसकेपछि कार्यक्रमको उद्देश्य, सहभागीहरूको रुची, क्षमता, आवश्यकता, सम्भाव्यता, कच्चा पदार्थ र बजारको उपलब्धता समेतका आधारमा समूहमा आवद्ध हुन सहभागीलाई अभिमुखीकरण गर्नु पर्नेछ।

(२) समूह निर्माण गर्दा समूह परिचालन, समूह सदस्य सङ्ख्या, समूहका सदस्यहरू आवद्ध रहेको समुदाय, भौगोलिक अवस्थिति जस्ता पक्षलाई ध्यान दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम समूह निर्माण गर्दा सामान्यतया एक समूहमा कम्तीमा पाँच जना सम्भाव्य लघु उद्यमी रहने गरी समूह निर्माण गर्नु पर्नेछ।

२७. <u>उद्यमशीलता विकास तालिम सञ्चालन गर्ने:</u> (१) कार्यालयले दफा २५ बमोजिम छनौट भएका सम्भाव्य लघु उद्यमीको समूहलाई सहजकर्तामर्फत सात दिनको उद्यमशीलता विकास र एक दिनको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने तालिममा उद्यमशीलता विकास तालिमको पाठ्यक्रममा मूलतः लघु उद्यम सिर्जना तथा विकास (माइक्रो इन्टरप्राइजेज क्रिएशन एण्ड डेभलपमेन्ट), आफ्नो व्यवसाय सुरु तथा सुधार गरौं (स्टार्ट एण्ड इम्प्रुभ योर बिजिनेस), सम्भाव्य उद्यमीको लागि तालिम (ट्रेनिङ्ग अफ पोटेन्सियल इन्टरप्रिनर) तथा उद्यम शुरूआत तालिम (ट्रेनिङ्ग अफ स्टार्टिङ्ग इन्टरप्रिनर) जस्ता विषयहरू समावेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको तालिम सञ्चालनको क्रममा सहजकर्ताले शाखाका कर्मचारी, उद्यम विकास समितिका कम्तीमा एक जना पदाधिकारी तथा सम्बन्धित वडाका प्रतिनिधिसँग समन्वय गरी सम्भाव्य लघु उद्यमीले छनौट गर्न चाहेको उद्यमको छनौट गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सम्भाव्य लघु उद्यमीले छनौट गर्न चाहेको उद्यमको व्यावसायिक योजना बनाउन सहजकर्ताले सहजीकरण गर्नु पर्नेछ। व्यावसायिक योजनाबाट लाभदायक उद्यम देखिएमा त्यस्तो उद्यम सञ्चालन गर्न चाहने उद्यमीलाई सोसँग सम्बन्धित विषयमा दफा २८ बमोजिम सीप विकास तालिम दिनु पर्नेछ।

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
सिंहदरबार, काठमाडौं

२८. <u>सीप विकास तालिम सञ्चालन गर्ने:</u> (१) कार्यालयले दफा २७ बमोजिम उद्यमशीलता विकास तालिम लिएका सहभागीहरू मध्येबाट व्यावसायिक योजना, छनौट भएको उद्यमको प्रकृति र आवश्यकताको आधारमा विभिन्न समूहमा आबद्ध गरी आवश्यकता अनुसारको छोटो, मध्यम वा लामो अवधिको सीप विकास तालिम सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको तालिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् वा अन्य सरकारी तालिम प्रदायक संस्थाले तर्जुमा गरी स्वीकृत गरेको पाठ्यक्रमका आधारमा उद्यम विकास सहजकर्ता वा सेवा प्रदायक संस्थाले सञ्चालन गर्नु पर्नेछ। तालिम सञ्चालन गर्दा सम्बन्धित वडाका प्रतिनिधि, शाखाका कर्मचारी तथा सहभागी बीच तालिमको गुणस्तर र सहभागीको सिकाइको वारेमा तालिम अवधिभर कम्तीमा एक पटक अन्तर्क्रिया गराउनु पर्नेछ।

(३) विषय विज्ञ र सक्षम प्रशिक्षकहरू परिचालन गरी तालिम सञ्चालन गर्नु सम्बन्धित उद्यम विकास सहजकर्ता वा सेवा प्रदायक संस्थाको दायित्व हुनेछ । त्यसरी तालिम सञ्चालन गर्दा उपलब्ध भएसम्म सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सीप परिक्षण उतीर्ण गरेका लघु उद्यमी प्रशिक्षकलाई प्राथमिकता दिनु पर्नेछ।

(४) सीप विकास तालिमका क्रममा प्रशिक्षार्थीलाई आवश्यक पर्ने प्रविधि सहजकर्ता वा सेवा प्रदायक संस्थाले सहभागीलाई उपलब्ध गराई सोको विवरण सम्बन्धित वडा कार्यालय र उद्यम विकास समितिलाई उपलब्ध गराउनु पर्दछ।

(५) सीप विकास तालिमका प्रशिक्षार्थीलाई सहजकर्ता वा सेवा प्रदायक संस्थाले शैक्षिक सामग्री, तालिम सामग्री, खाजा खर्च, निर्वाह खर्च जस्ता सुविधा समयमै उपलब्ध गराई सोको विवरण शाखा र सम्वन्धित वडा कार्यालयलाई उपलब्ध गराउनु पर्दछ।

(६) सहजकर्ता वा सेवा प्रदायक संस्थाले प्रशिक्षक तथा प्रशिक्षण स्थल व्यवस्थापनमा सम्वन्धित वडा कार्यालय र उद्यम विकास समितिको आवश्यक सहयोग प्राप्त गर्नेछ।

(७) तालिममा प्रयोग भएका मेसिन, औजार तथा प्रविधि तालिम पश्चात सम्बन्धित उद्यमीलाई निम्न प्राथमिकताको आधारमा निशुल्क हस्तान्तरण गर्नु पर्नेछ:-

(क) समूहमा उद्यम गर्न चाहने व्यक्ति,

(ख) घर धुरी सर्वेक्षणमा भएको गरिबीको आधारमा,

(ग) तालिम अवधिमा भएको प्रशिक्षार्थी मूल्याङ्कनको उत्कृष्टताको आधारमा ।

यादव प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(८) तालिम प्राप्त गरी उद्यम व्यवसाय सुरु गरेका उद्यमीलाई समूहको निर्णायक पदमा समेत महिला (एकल महिला समेत), दलित, आदिवासी जनजातिहरू, अपाङ्गता भएका व्यक्ति, थारू, सिमान्तकृत, पिछडा वर्ग, मधेशी, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक रहने गरी लघु उद्यमी समूहमा आबद्ध गराउन सहयोग गर्नु पर्नेछ।

(९) उपदफा (७) को अतिरिक्त सीप विकास तालिम प्राप्त गरेका सम्भावित लघु उद्यमीलाई वार्षिक कार्यक्रममा तोकिए बमोजिम समूहमा प्रविधि हस्तान्तरण गर्नु पर्नेछ । यसरी प्रविधि हस्तान्तरण गर्ने सम्बन्धी प्रक्रिया दफा ४१ मा उल्लेख भए बमोजिम हुनेछ ।

२९. <u>व्यावसायिक परामर्श सेवा प्रदान गर्ने</u>: (१) सहजकर्ताले सीप विकास तालिम सञ्चालनको क्रममा र तालिम सम्पन्न भएपछि व्यवसाय सुरु गर्न सक्ने अवस्था सिर्जना गर्न प्रशिक्षार्थीलाई व्यावसायिक परामर्श सेवा प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परामर्श सेवा प्रदान गर्दा सहजकर्ताका अतिरिक्त सम्बन्धित विषयका विज्ञ, अनुभवी, उदाहरणीय, सफल उद्यमीबाट समेत व्यावसायिक परामर्श सेवा प्रदान गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको परामर्श सेवा प्रदान गर्दा देहायका विषय समावेश गर्नु पर्नेछः-

(क) व्यवसाय सुरु गर्न आवश्यक पर्ने कच्चा पदार्थ, प्रविधिको प्राप्ति र सोको उपयोग गर्ने तरिका सम्बन्धमा,

(ख) व्यवसाय सुरु गर्न आवश्यक पर्ने वित्तीय पहुँचका लागि लघु उद्यमी र वित्तीय संस्था बीच अन्तर्क्रिया गराई सहजीकरण,

(ग) उद्यमीले उत्पादन गरेका वस्तु तथा सेवालाई बजारीकरणको लागि बजार सम्बन्ध विकासमा सहजीकरण ।

(४) यस दफा बमोजिम प्रदान गरिएको परामर्श सेवाको उपयोगिताको अनुगमन र मूल्याङ्कन गर्ने दायित्व सम्बन्धित सहजकर्ता तथा अनुगमन उपसमितिको हुनेछ।

३०. <u>तथ्याङ्क अद्यावधिक गर्ने</u>: उद्यम विकास सहजकर्ताले यस परिच्छेदमा उल्लिखित क्रियाकलापको प्रगति विवरणलाई अनिवार्य रुपमा तथ्याङ्क व्यवस्थापन शाखा वा एकाई मार्फत जेसीएमआईएसमा अद्यावधिक गर्नु पर्नेछ।

३१. <u>सम्भावित लघु उद्यमीका लागि सहयोग गर्नु पर्ने</u>: कुनै कारणले मेड मोडेलको आंशिक चरण मात्र पूरा भई उद्यम स्थापना गर्न नसकेका सम्भावित उद्यमीलाई उद्यम सञ्चालनको लागि सहयोग गर्नु परेमा यस परिच्छेद बमोजिमका क्रियाकलापहरू मध्ये

माधव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

निजलाई प्रदान गर्न बाँकी रहेको क्रियाकलापको लागि मात्र सहयोग प्रदान गर्नु पर्नेछ।

परिच्छेद-५

साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना तथा सञ्चालन

३२. साझा सुविधा केन्द्र (उद्यम घर) स्थापनाः स्थानीय तहले आफ्नो क्षेत्रभित्रका लघु उद्यमीले अति गरिबीको कारण लघु उद्यम स्थापना गर्न आफ्नो निवास स्थानमा पर्याप्त स्थान उपलब्ध नभएका र वित्तीय सेवामा पहुँच नभएका तर उद्यम गर्न इच्छुक लघु उद्यमीहरूको सङ्ख्या दश भन्दा बढी रहेको भौगोलिक क्षेत्र वा समुदायमा त्यस्ता लघु उद्यमीबाट कुनै वस्तुको उत्पादन, प्रशोधन, बजारीकरण र सोसँग सम्बन्धित कुनै सेवा प्रदान गर्न कम्तीमा एउटा साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना गर्न सक्नेछ।

३३. सम्भाव्यता अध्ययन गर्नु पर्नेः (१) उपदफा (१) बमोजिम साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना गर्नु अघि शाखाले अनुसूची-१२ बमोजिम सम्भाव्यता अध्ययन गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्भाव्यता अध्ययन गर्दा देहायका आधारमा गर्नु पर्नेछः-

(क) साझा सुविधा केन्द्र (उद्यम घर) स्थापनाको लागि आवश्यक पर्ने जग्गा उपलब्धताको अवस्था,

(ख) साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण पछि उद्यमीको उत्पादन, कच्चा पदार्थको उपयोग, रोजगारी र आम्दानीमा हुन सक्ने वृद्धि,

(ग) साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापनाले जातिय तथा सामाजिक सद्भावमा पार्ने सकारात्मक प्रभाव,

(घ) साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापनामा लाग्ने कूल लागत तथा सो लागतमा साझेदारी गर्न सक्ने निकाय र उद्यमीको प्रतिवद्धता,

(ङ) साझा सुविधा केन्द्र (उद्यम घर) को व्यवस्थापन र उपयोग प्रक्रिया,

(च) प्राप्त स्रोतको उपलब्धताको आधारमा साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण गर्दा औद्योगिक ग्रामलाई प्राथिमकतामा राखी सम्भव भएसम्म शिशु स्याहार कक्ष, खानेपानी, लैङ्गिक र अपाङ्गमैत्री शौचालय समेतको व्यवस्था,

यादव प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(छ) औद्योगिक ग्राम पायक नभएको अवस्थामा साझा सुविधा केन्द्र (उद्यम घर) को लागि उद्यमीलाई निशुल्क रुपमा जग्गा तथा भवन उपलब्धताको अवस्था भएमा वा निःशुल्क जग्गा तथा भवन उपलब्ध नभएमा कम्तीमा दश वर्षका लागि साझा सुविधा केन्द्र (उद्यम घर) को लागि भाडामा भएको सम्झौता,

(ज) कुनै सङ्घ संस्था वा व्यक्तिले साझा सुविधा केन्द्र (उद्यम घर) को लागि कम्तीमा दश वर्षका लागि अनुदान वा भाडामा उपलब्ध गराएको जग्गा तथा भवन ।

(३) साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापना र सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) लक्षित समूहले साझा सुविधा केन्द्र माग गरेको निर्णय,

(ख) सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) समूहको बैङ्क खाता वा साझेदारी फर्म दर्ताको प्रमाण पत्र,

(घ) लागत अनुमान सहितको संक्षिप्त प्रस्ताव ।

(४) उपदफा (१) र (२) बमोजिम साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापनाको सम्भावना देखिएमा प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय गराई सम्बन्धित वडा कार्यालय मार्फत साझा सुविधा केन्द्र (उद्यम घर) व्यवस्थापन समितिको गठन गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम गठन भएको व्यवस्थापन समितिले जग्गाको व्यवस्था गरी लागत साझेदारीमा साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापनाको लागि वडा कार्यालयको सिफारिश सहित कार्यक्रम प्रस्ताव पेश गर्नु पर्नेछ। त्यसरी प्राप्त हुन आएको प्रस्ताव मनासिब देखिएमा कार्यालयले सम्झौता गरी तोकिएको रकम साझा सुविधा केन्द्रको खातामा जम्मा गरिदिनेछ।

(६) उपदफा (४) बमोजिमको व्यवस्थापन समितिले साझा सुविधा केन्द्र स्थापना भए पश्चात सार्वजनिक परीक्षणको प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ।

(७) उपदफा (५) बमोजिम कार्यालयले उपलब्ध गराएको रकम र अन्य श्रोतबाट प्राप्त गरेको रकमको आम्दानी खर्चको हिसाब दुरुस्त राखी कार्यालय र वडा कार्यालयलाई जानकारी गराउने दायित्व सम्बन्धित साझा सुविधा केन्द्र (उद्यम घर) व्यवस्थापन समितिको हुनेछ ।

(८) उपदफा (५) बमोजिम प्राप्त हुन आएको रकमबाट निर्माण गरेको साझा सुविधा केन्द्र (उद्यम घर) निर्धारित अवधिभित्र सञ्चालन गर्न नसकेमा वा सदुपयोग

याबल प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

भएको नपाइएमा उद्यम विकास समितिले त्यस्तो साझा सुविधा केन्द्र (उद्यम घर) अन्य उद्यमी समूहलाई हस्तान्तरण गर्न सक्नेछ।

(९) साझा सुविधा केन्द्र (उद्यम घर) लाई प्रचलित कानून बमोजिम दर्ता गराउने कार्यमा शाखाले आवश्यक सहजीकरण गर्नु पर्नेछ।

(१०) कार्यालयले साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापना, सञ्चालन र व्यवस्थापनको लागि छुट्टै कार्यविधि बनाई लागू गर्न सक्नेछ।

परिच्छेद-६
लघु उद्यमको स्तरोन्नति

३४. लघु उद्यमको स्तरोन्नति कार्यक्रम सञ्चालन गर्नु पर्नेः (१) कार्यालयले लघु उद्यमको स्तरोन्नतिको लागि आवश्यकता अनुसार उद्यम व्यवसाय सुधार तथा विस्तार सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लघु उद्यमको स्तरोन्नति सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा अनुसूची-९ मा उल्लेख भए बमोजिम लघु उद्यम विकास (मेड) मोडेल अनुरुप गर्नु पर्नेछ।

३५. स्तरोन्नतिका लागि आवश्यकता पहिचान गर्नु पर्नेः (१) सहजकर्ताले हाल सञ्चालनमा नरहेको उद्यम तर पुनर्स्थापना गर्न चाहने तथा सञ्चालनमा रहेको उद्यमको स्तरोन्नतिको लागि आवश्यक पर्न सक्ने सहयोगका क्षेत्र विशेष गरी उद्यम व्यवसाय सुधार तालिम, उद्यम व्यवसाय विस्तार गर्न चाहनेका लागि तालिम, व्यावसायिक परामर्श, पुनर्ताजगी, सीप विकास तथा स्तरोन्नति तालिम, वित्तीय सेवामा पहुँच, प्रविधि तथा बजारमा पहुँच तालिम, एडभान्स सीप विकास तालिम, बजारीकरण तथा व्यावसायिक परामर्श जस्ता क्षेत्रमा स्थलगत रुपमा अध्ययन गरी आवश्यकता पहिचान तथा विश्लेषण गरी स्तरोन्नतिको लागि प्राथमिकिकरण सहितको प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन तयार गर्दा उद्यमीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि, रोजगारीमा वृद्धि, गुणस्तर नियन्त्रण, बजारको विस्तार तथा नाफामा वृद्धि हुने पक्षलाई सुनिश्चित गरेको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रतिवेदन तयार गर्दा सहजकर्ताले उद्यमको परिमार्जित व्यावसायिक योजना तयार गर्नु पर्नेछ। त्यस्तो व्यावसायिक योजनामा देहायका कुराहरूको सुनिश्चितता हुनु पर्नेछः-

यादव प्रसाद घिमिरे
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(क) उद्यमीको आवश्यकता पहिचान,

(ख) आवश्यकता पहिचानका आधारमा कुन प्रकारको तालिम तथा सेवा उपलब्ध गराउनु पर्ने हो सो कुराको सुनिश्चितता।

३६. <u>उद्यमशीलता विकास तालिम दिनु पर्ने:</u> कार्यालयले सहजकर्तामार्फत आफ्नो व्यवसायलाई निरन्तर सञ्चालनमा ल्याइरहेका वा आफ्नो व्यवसायलाई थप व्यवस्थित गरी निरन्तरता दिन चाहने लघु उद्यमीलाई दफा ३५ बमोजिम आवश्यकता पहिचानको आधारमा "भैरहेको उद्यमीको लागि व्यवसाय सुधार तालिम (ट्रेनिङ्ग अफ एक्जिस्टिङ्ग इन्टरप्रेनर)" र "व्यवसायलाई स्तरोन्नति गर्न चाहनेका लागि व्यवसाय विस्तार तथा स्तरोन्नति तालिम (ट्रेनिङ्ग अफ ग्रोइङ्ग इन्टरप्रेनर) प्रदान गर्नु पर्नेछ।

३७. <u>एडभान्स तालिम दिनु पर्ने:</u> (१) दफा ३५ बमोजिम स्तरोन्नतिको लागि पहिचान गरिएका उद्यम सञ्चालन गर्ने लघु उद्यमीमध्ये सहजकर्ताले एडभान्स तालिम लिन इच्छुक उद्यमीको छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम एडभान्स तालिमको लागि सहभागीहरूको छनौट गर्दा तालिमको आवश्यकता, प्रकार, अवधि, सहभागीको संख्या तालिम दिने विषयको विवरण (ट्रेनिङ्ग मोड्युल), श्रोतव्यक्तिको दक्षता वा स्तर, लागत लाभ विश्लेषण, लागत सहभागिता, परिमार्जित व्यावसायिक योजना सहित तालिमको अनुमानित लागत समेत तयार गर्नुपर्नेछ ।

(३) शाखाले तालिमको आवश्यकता, सम्भाव्यता र क्षमता तथा लघु उद्यमीसँगको अन्तर्क्रिया समेतको आधारमा तालिम प्रदान गर्नको लागि उपयुक्त देखिएमा उपयुक्त स्थानमा पुनर्ताजगी तथा एडभान्स तालिम सन्चालन गर्नु वा गराउनु पर्नेछ।

(४) स्तरोन्नतिका लागि प्रभावकारी हुने विषयमा स्थानीयस्तरबाट तालिम सञ्चालन हुन नसक्ने देखिएमा कार्यालयको सिफारिशमा अन्य उपयुक्त स्थानमा समेत आधारभुत तथा एडभान्स तालिममा सहभागी गराउन सकिनेछ।

३८. <u>करार गरी तालिम सञ्चालन गर्न सक्ने:</u> (१) सहजकर्ताले सजावट सहितको तालिम कक्ष वा महङ्गा मेसिन वा उपकरण आवश्यक पर्ने मेकानिकल वर्क्स, रेडियो टि.भि. मर्मत, मोबाईल मर्मत, बहुमुल्य गहना वा पत्थर, मूर्तिकला जस्ता तालिम सञ्चालन गर्नको लागि प्रचलित कानून बमोजिम दर्ता भई जिल्ला सदरमुकाम वा अन्य सहरी क्षेत्रमा सञ्चालनमा रहेका संस्थासँग शाखाको सिफारिशमा आपसी सम्झौता गरेर तालिम सञ्चालन गर्न वा गराउन सक्नेछ।

यज्ञ प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(२) सहजकर्ताले उपदफा (१) बमोजिमको तालिमको लागि सिफारिश गर्दा तालिमको आवश्यकता, प्रकार, अवधि, सहभागिको सङ्ख्या, तालिम दिने विषयको विवरण (ट्रेनिङ्ग मोड्युल), श्रोतव्यक्ति, लागत लाभ विश्लेषण, लागत सहभागिता, व्यवसायिक योजना सहितको तालिमको अनुमानित लागत समेत तयार गरी शाखामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको तालिम लघु उद्यमीसँगको लागत सहभागितामा समेत सञ्चालन गर्न सकिनेछ।

३९. <u>उत्पादित वस्तुको गुणस्तर तथा बिक्री</u>: (१) तालिमबाट उत्पादित सामान वा वस्तुको गुणस्तर कायम गराउनु सम्बन्धित प्रशिक्षकको दायित्व हुनेछ ।

(२) तालिमबाट उत्पादित सामान वा वस्तुहरूको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरू प्रशिक्षण अवधिभित्रै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्री गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम सामान वा वस्तुको बिक्रीबाट प्राप्त रकम तालिम सम्पन्न भएपछि शाखाले कार्यालयले तोकेको राजश्व खातामा दाखिला गर्नु पर्नेछ।

(४) शाखाले उपदफा (२) बमोजिम बिक्री तथा वितरण हुन नसकेका सामान वा वस्तुहरू सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारका लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ। त्यसरी पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम स्टोर दाखिला हुन आएका सामान तत्काल लिलाम बिक्री गरी प्राप्त रकम कार्यालयले तोकेको राजश्व खातामा दाखिला गर्ने दायित्व शाखाको हुनेछ।

(६) उपदफा (५) बमोजिम लिलाम बिक्री हुन नसकेका सामानहरू कार्यालयले सडी गली जाने भएमा प्रचलित कानून बमोजिम धुल्याउनु पर्नेछ।

४०. <u>प्रविधि हस्तान्तरण गर्न सकिने</u>: (१) लघु उद्यमीलाई वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम प्रविधि हस्तान्तरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रविधि हस्तान्तरण गर्दा सहजकर्ताको सिफारिशमा उद्यमको प्रकृति हेरी व्यावसायिक योजना अनुसार कार्यक्रम र बजेटको परिधिभित्र रही शाखाले लघु उद्यमी, लघु उद्यमीको समूह वा उद्यमीले प्रवर्द्धन गरेका सहकारीलाई उपयुक्त प्रविधि हस्तान्तरण गर्न सक्नेछ।

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

४१. <u>प्रविधि हस्तान्तरण सम्बन्धी प्रक्रिया:</u> (१) दफा ४० बमोजिम प्रविधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा अनुसूची-१३ बमोजिम उद्यमीसँग सम्झौता गरी प्रविधि उपलब्ध गराइनेछ।

(२) उद्यमीलाई उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलब्ध गराइनेछ। उपलब्ध गराइने प्रविधिको कुल लागतको कम्तीमा बीस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नु पर्नेछ ।

तर अपाङ्गता भएका उद्यमीले प्राप्त गर्ने प्रविधिमा उद्यमीले लागत व्यहोर्नु पर्ने छैन ।

(३) उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अङ्कको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्नेछ ।

(४) प्रविधि हस्तान्तरण गरी प्रवर्द्धन गरिएका लघु उद्यमीले प्रविधि उपयोगको विवरण कार्यालयमा पेश गर्नु पर्नेछ।

(५) लघु उद्यमीलाई प्रविधि हस्तान्तरण गर्दा शाखाले शर्तनामा गराई बुझाउनुका साथै सोको विवरण अद्यावधिक गर्नु पर्नेछ ।

(६) लघु उद्यमीलाई प्रविधि हस्तान्तरण गर्ने कार्यक्रमको पूर्व जानकारी शाखाले सम्बन्धित वडा कार्यालय, उद्यम विकास समिति र कार्यालयलाई गराउनु पर्नेछ ।

४२. <u>प्रविधि हस्तान्तरणका शर्तहरु:</u> दफा ४१ बमोजिम प्रविधि हस्तान्तरण गर्दा देहाय बमोजिमका शर्तको पालना गर्ने गरी प्रविधि हस्तान्तरण गरिनेछ :-

(क) प्राप्त प्रविधिको उचित सदुपयोग गर्नुपर्ने,

(ख) प्रविधि प्राप्त गरेको मितिले पाँच वर्षसम्म अरुलाई हक हस्तान्तरण गर्न वा बिक्री वितरण गर्न नपाइने,

(ग) प्रविधि हस्तान्तरणको सम्झौता बमोजिम पेशा व्यवसाय परिवर्तन भई सो प्रविधि प्रयोगहीन भएमा वा कुनै कारणले व्यवसाय नगर्ने भएमा हस्तान्तरण भएको प्रविधि कार्यालयमा फिर्ता गर्नु पर्ने,

(घ) प्रविधि हस्तान्तरणको सम्झौता बमोजिम प्रविधिको उपयोग नगर्ने उद्यमी वा प्राप्त प्रविधिलाई पाँच वर्षभन्दा अगावै अरुलाई हक हस्तान्तरण वा बिक्री वितरण गरेमा प्रचलित कानून बमोजिम

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

उपलब्ध गराइएको प्रविधि बापतको रकम असुल उपर गर्ने कारबाही गरी त्यस्ता उद्यमीलाई यस कार्यक्रम अन्तरगत पुनः प्रविधि उपलव्ध नगराइने,

(ङ) खण्ड (ग) र (घ) बमोजिम प्रविधिको उपयोग उद्यमीले नगर्ने परिस्थिति सिर्जना भएमा सो प्रविधि कार्यालयको सम्पत्ति हुने र कार्यालयले निर्णय गरी सो प्रविधि अन्य उद्यमी समूहलाई हस्तान्तरण गर्न सक्ने,

(च) कुनै उद्यमीले प्राप्त प्रविधि अनुदानको उपयोग गरी संस्थागत आयमा बृद्धि गर्नुका साथै स्थानीयस्तरमा रोजगारी सिर्जना गरी समुदायलाई उल्लेखनीय योगदान पुऱ्याए त्यस्ता उद्यमीलाई क्षमता बृद्धिमा सहयोग पुऱ्याउन पुनः थप प्रविधि उपलब्ध गराउन सकिने,

(छ) प्रविधिको मर्मत सम्भार तथा संरक्षण लघु उद्यमी स्वयंले गर्नु पर्ने।

४३. <u>निःशुल्क व्यावसायिक परामर्श सेवा उपलब्ध गराउनु पर्ने</u> : (१) यस कार्यक्रम अन्तर्गत सीप विकास तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गरेका लघु उद्यमीलाई आवश्यक पर्ने व्यावसायिक परामर्श सेवा निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनको लागि "व्यावसायिक परामर्श सेवा" भन्नाले लघु उद्यमको सुसञ्चालन, विकास तथा स्तरोन्नतिका लागि प्रदान गरिने प्राविधिक तथा व्यवस्थापकीय ज्ञान सम्झनु पर्छ ।

(२) कुनै प्रशिक्षार्थी लघु उद्यमीले माग गरेको व्यावसायिक परामर्श सेवा उपलब्ध गराउन असमर्थ भएमा उद्यम विकास सहजकर्ताको सिफारिसमा शाखाले विषय विज्ञ मार्फत त्यस्तो व्यावसायिक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उद्यम विकास सहजकर्ताले उपदफा (२) बमोजिमको व्यावसायिक परामर्शको लागि सिफारिश गर्दा परामर्शको आवश्यकता, प्रकार, अवधि, सहभागीको संख्या, परामर्श दिने विषयको विवरण श्रोतव्यक्ति, लागत लाभ विश्लेषण, लागत सहभागिता सहित व्यावसायिक परामर्श सेवाको अनुमानित लागत समेत उल्लेख गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम व्यावसायिक परामर्श सेवा उपलब्ध गराउने विज्ञलाई विषय हेरी सेवा शुल्क निर्धारण गर्नु पर्नेछ !

तर यस्तो व्यावसायिक परामर्श सेवा एक लघु उद्यमीलाई तीन पटकभन्दा बढी

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

उपलब्ध गराइने छैन।

४४. **बजारीकरणको लागि सहयोग गर्नु पर्नेः** (१) सहजकर्ताले लघु उद्यमीको उत्पादनलाई बजारीकरण गर्न उद्यमीलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

(२) सहजकर्ताले लघु उद्यमीबाट उत्पादित वस्तु वा सेवाको दिगो बजारीकरणको लागि लघु उद्यमी, लघु उद्यमी समूह, सहकारी र खरिद गर्ने संस्था, समुदाय वा व्यक्तिसँग देहाय बमोजिमका कार्य गरी सम्पर्क र समन्वय स्थापित गराउनु पर्नेछः-

(क) औद्योगिक तथा बजार मेला प्रदर्शनीमा सहयोग,

(ख) प्रचार प्रसारमा सहयोग,

(ग) सम्बन्धित खरिदकर्तासँग सम्पर्क स्थापना तथा समन्वय,

(घ) सरोकारवालासँग अन्तर्क्रिया वा बैठक आयोजना, र

(ङ) बजार प्रवर्द्धनमा सहयोग पुग्ने कार्यमा सहजीकरण ।

४५. **गुणस्तर नियन्त्रण र सुधारमा सहयोग गर्नु पर्नेः** (१) सहजकर्ता वा सेवा प्रदायक संस्थाले लघु उद्यमीलाई उपयुक्त प्रविधि हस्तान्तरण, दक्ष जनशक्ति उपलब्धता, कच्चा पदार्थ प्राप्ति, प्रशोधन, लेबलिङ्ग, टेष्टिङ, प्याकिङमा सहयोग गरी गुणस्तर नियन्त्रण र सुधारमा आवश्यक सहयोग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सहयोग गर्दा लघु उद्यमीका उत्पादनलाई गुणस्तर यकिन र प्रमाणित गराई ब्राण्ड नाम तथा ट्रेडमार्क लिनु पर्ने वा उद्यम दर्ता गर्नु पर्ने भए सो कार्यमा समेत आवश्यक सहयोग गर्नु पर्नेछ।

४६. **वित्तीय सेवामा पहुँचः** (१) लघु उद्यमीले आफूले सञ्चालन गरेको लघु उद्यमको स्तरोन्नतिको लागि व्यावसायिक योजनाका आधारमा थप लगानी रकमको यकिन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्तरोन्नति गर्न चाहने लगानीको लागि कर्जाको आवश्यकता भएमा सम्बन्धित उद्यमीको अनुरोधमा सहजकर्ताले स्थानीय स्तरमा सञ्चालित सहकारी, बैंक तथा लघु वित्त संस्थासँग प्रत्यक्ष भेटघाट, परामर्श, गोष्ठी मार्फत सम्वन्धित उद्यमी र वित्तीय संस्था बीच अन्तरक्रिया गराई वित्तीय पहुँचमा सहयोग गर्नु पर्नेछ ।

(३) उद्यम विकास सहजकर्ताले लघु उद्यमीलाई भविश्यमा आइपर्ने जोखिम न्यूनीकरणका लागि सञ्चालनमा रहेको उद्यमको बीमा गर्न सहजीकरण गर्नु पर्नेछ ।

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(४) उपदफा (१), (२) र (३) बमोजिम प्रदान गरिने सेवामा सकेसम्म नेपाल सरकारले उपलब्ध गराएको अनुदान वा व्याज अनुदानमा पाईने वित्तीय सेवाका लागि सहजीकरण गर्नु पर्नेछ।

४७. <u>उद्यमको दर्ता गर्नु पर्ने:</u> यस निर्देशिका बमोजिम लघु उद्यमको स्तरोन्नतिको सुविधा प्राप्त गर्नु पूर्व सम्बन्धित लघु उद्यमीले प्रचलित कानून बमाजिम व्यक्तिगत उद्यम भए व्यक्तिगत उद्यम तथा समूहमा गरिएको उद्यम (साझा सुविधा केन्द्र (उद्यम घर) मा भएको उद्यम समेत) साझेदारी फर्मको रुपमा सम्बन्धित निकायमा दर्ता गर्नु पर्नेछ ।

परिच्छेद-७

<u>कार्यक्रम बापतको रकम भुक्तानी</u>

४८. <u>रकमको भुक्तानी प्रकृया:</u> (१) सेवा प्रदायक संस्थाले दफा १७ बमोजिम सम्झौता भएको तीस दिनभित्र अनुसूची-१४ बमोजिमको ढाँचामा प्रारम्भिक प्रतिवेदन तयार गरी कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा प्रदायक संस्थाले पेश गरेको प्रतिवेदनको आधारमा कार्यालयले कुल सम्झौता रकमको दश प्रतिशतले हुन आउने रकम पहिलो किस्तामा उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम पहिलो किस्ता भुक्तानी गरेपछि बाँकी हुन आउने नब्बे प्रतिशत रकमको भुक्तानी गर्नु अघि अनुगमन उपसमितले त्यस्तो संस्थासँग भएको सम्झौतामा उल्लेख भए बमोजिम सन्तोषजनक रूपमा कार्यक्रम सम्पन्न भए नभएको यकिन गर्नु पर्नेछ। त्यसरी यकीन गर्दा कार्यक्रम सम्झौतामा उल्लेख भए बमोजिम सम्पन्न भएको पाइएमा कार्यालयले सम्पन्न कार्यक्रमको परिणामको आधारमा बढीमा दुई किस्तामा बाँकी रकम भुक्तानी गर्नेछ।

(४) उपदफा (३) बमोजिम भुक्तानी गर्दा सम्झौतामा उल्लेखित कार्यक्रमको कार्य प्रगति विवरणलाई सेवा प्रदायक संस्थाले जेसीएमआईएसमा अद्यावधिक गरेको हुनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम हुने भुक्तानीमा प्रचलित कानूनले तोके बमोजिमको कर र सार्वजनिक खरिद ऐन, २०६३ ले तोके अनुसारको रिटेन्सन मनी वापतको रकम कट्टा गरी बाँकी रकम भुक्तानी गरिनेछ।

(६) सेवा प्रदायक संस्थाले कर चुक्ता प्रमाण पत्र र कर समायोजन पत्र पेश गरे पछि मात्र रिटेन्सन मनी बापतको रकम भुक्तानी गरिनेछ।

(७) सहजकर्ताको पारिश्रमिक र स्थानीय तहले आफैं गर्ने भनी तोकेकोमा अन्य कार्यको भुक्तानी सम्बन्धित स्थानीय तहको नियमानुसार हुनेछ ।

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(८) उपदफा (३) र (७) बमोजिम भुक्तानी गर्दा जेसिएमआइएसमा प्रगति प्रतिवेदन प्रविष्ट गरेको प्रमाणित भए पछि मात्र भुक्तानी गर्नु पर्नेछ । त्यसरी प्रगति प्रतिवेदन प्रविष्टि नभई भुक्तानी गरिएमा त्यसरी भुक्तानी गर्ने पदाधिकारीबाट सो रकम असुल उपर गरिनेछ ।

(९) उपदफा (७) बमोजिम गरिने भुक्तानीको खर्च, लेखा प्रणाली, प्रतिवेदन एवं लेखा परीक्षण सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

४९. <u>भुक्तानी रोक्का राख्न सक्ने</u>: (१) दफा ४८ को उपदफा (३) बमोजिम अनुगमन उपसमितिबाट अनुगमनको क्रममा कार्यसम्पादन मूल्याङ्कन सन्तोषजनक नदेखिएमा कार्यालयले सेवा प्रदायक संस्थाको भुक्तानी रोक्का राख्न सक्नेछ। त्यसरी रकम रोक्का राख्नु अघि कार्यालयले कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक सुधार गर्न सेवा प्रदायक संस्थालाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको आदेश बमोजिम आवश्यक सुधार नगरेमा उद्यम विकास समितिको निर्णय बमोजिम कार्यालयले सेवा प्रदायक संस्थासँगको सम्झौता भङ्ग गर्न सक्नेछ ।

(३) अनुगमन उपसमितिले दिएको आदेश बमोजिम सेवा प्रदायक संस्थाले कार्यक्रम सञ्चालनमा सुधार गरेमा सो समितिले दिएको प्रतिवेदनको आधारमा कार्यालयले सेवा प्रदायक संस्थाको बाँकी किस्ता भुक्तानी गर्नेछ।

परिच्छेद-८

<u>समन्वय समिति तथा उद्यम विकास समिति</u>

५०. <u>समन्वय समितिको गठन</u>: (१) कार्यक्रम सञ्चालनमा नीतिगत सुधार तथा कार्यक्रम कार्यान्वयनको प्रक्रियालाई प्रभावकारी बनाउन मन्त्रालयमा देहाय बमोजिमको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम समन्वय समिति गठन गरिएको छः-

(क)	सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (उद्योग तर्फ)	-अध्यक्ष
(ख)	सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (आर्थिक तथा पूर्वाधार हेर्ने)	-सदस्य
(ग)	सहसचिव, अर्थ मन्त्रालय	-सदस्य
(घ)	सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	-सदस्य
(ङ)	सहसचिव, राष्ट्रिय योजना आयोग	-सदस्य

यादव प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(च) कार्यकारी निर्देशक, लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, नेपाल राष्ट्र बैङ्क -सदस्य

(छ) प्रमुख, लघु, घरेलु तथा साना उद्योग प्रबर्द्धन केन्द्र -सदस्य

(ज) महिला लघु उद्यमी मध्येबाट दूईजना र लघु उद्यम क्षेत्रका विज्ञ मध्येबाट एक जना गरी मन्त्रालयले मनोनीत गरेका तीन जना -सदस्य

(झ) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र त्यस्तो बैठक प्रत्येक छ महिनामा एकपटक बस्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको सदस्य-सचिवले अध्यक्षसँग परामर्श गरी विषयगत मन्त्रालय, संघ संस्था वा कार्यालयका प्रतिनिधि वा अन्य पदाधिकारी, स्थानीय तहका प्रतिनिधि वा पदाधिकारी तथा अन्य विशेषज्ञ वा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५१. <u>समन्वय समितिको काम, कर्तव्य र अधिकार:</u> दफा ५० बमोजिमको समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको विकास, प्रवर्द्धन तथा विस्तारको लागि आवश्यक नीति तर्जुमा गर्न नेपाल सरकारलाई सिफारिश गर्ने,

(ख) वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यक्रमको प्रवर्द्धन तथा विस्तारको लागि लागि नीतिगत मार्गदर्शन गर्ने,

(ग) कार्यक्रममा आवश्यक पर्ने वित्तीय श्रोत साधन व्यवस्थापनको लागि केन्द्रस्तरमा आवश्यक समन्वय गर्ने र सोका लागि नीतिगत वातावरण तयार गर्ने,

(घ) कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन गर्ने व्यवस्था मिलाउने,

(ङ) विकास साझेदारलाई लघु उद्यमी सिर्जना गर्ने अभियानमा सहभागी गराउन आवश्यक समन्वय गर्ने,

(च) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहयोगी जनशक्तिको व्यवस्था गर्न मन्त्रालयलाई सिफारिश गर्ने, र

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(छ) कार्यक्रम कार्यान्वयनमा आवश्यक सुधारको लागि सिफारिश गर्ने।

५२. <u>उद्यम विकास समितिको गठनः</u> (१) कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको उद्यम विकास समिति रहनेछः-

(क)	कार्यपालिकाको अध्यक्ष वा प्रमुख	-संयोजक
(ख)	संयोजक, सम्बन्धित स्थानीय तहको सभाको आर्थिक तथा योजना सम्बन्धी विषय हेर्ने समिति	-सदस्य
(ग)	प्रमुख प्रशासकीय अधिकृत	-सदस्य
(घ)	संयोजकले तोकेको स्थानीय तहको सभामा प्रतिनिधित्व गर्ने कार्यक्रम लागू भएको वडाको महिला सदस्य एक जना	-सदस्य
(ङ)	स्थानीय तहस्तरमा रहेका लघु उद्यमी मध्ये संयोजकले तोकेको एक जना महिला उद्यमी प्रतिनिधि	-सदस्य
(च)	स्थानीय तहमा भएका वित्तीय संस्था, सहकारी तथा उद्योग/व्यवसायसँग सम्बन्धित सङ्घ संस्थाहरूमध्येबाट संयोजकले तोकेको एक जना प्रतिनिधि	-सदस्य
(छ)	शाखा प्रमुख	-सदस्य-सचिव

(२) उद्यम विकास समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र त्यस्तो बैठक प्रत्येक दुई महिनामा एक पटक बस्नु पर्नेछ ।

(३) उद्यम विकास समितिको सदस्य-सचिवले अध्यक्षसँग परामर्श गरी कार्यपालिकाका सदस्य, सम्बन्धित स्थानीय तहको सभाका सदस्य, विशेषज्ञ, विज्ञ, स्थानीय तहमा कार्यरत सङ्घ, संस्थाका प्रतिनिधि वा कार्यालयका प्रतिनिधि वा अन्य पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) उद्यम विकास समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५३. <u>उद्यम विकास समितिको काम, कर्तव्य र अधिकारः</u> यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त उद्यम विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

यादव प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(क) यस कार्यक्रम तथा लघु उद्यमसँग सम्बन्धित अन्य क्रियाकलापको लागि स्थानीय तह स्तरीय योजना तर्जुमा गराई सम्बन्धित नगर वा गाउँ सभामा स्वीकृतिको लागि पेश गर्ने र स्वीकृत योजनालाई कार्यान्वयन गर्ने,

(ख) कार्यक्रम कार्यान्वयन गर्नको लागि सम्भावित वडा तथा बस्ती छनौट गर्ने,

(ग) शाखाबाट तयार गरिने कार्यक्रमको प्रगति विवरण बैठकमा छलफल गराउने तथा देखिएका कमिकमजोरी सुधारका लागि निर्देशन दिने,

(घ) कार्यक्रम कार्यान्वयन गर्न उद्यम विकास सहजकर्ताको परिचालन वा व्यवसाय विकास सेवा प्रदायक संस्थाको छनौट स्वीकृत गर्ने,

(ङ) आफ्नो कार्यक्षेत्र भित्र उद्यम विकास र रोजगारी सिर्जनामा काम गर्ने सरकारी, गैर सरकारी, निजीक्षेत्र, नागरिक समाजका सङ्घ संस्थासँग कार्यगत सम्बन्ध स्थापित गरी कार्यक्रम सञ्चालनको अनुकूल वातावरण तयार गर्ने,

(च) यस कार्यक्रम तथा लघु उद्यमसँग सम्बन्धित अन्य क्रियाकलापको लागि स्थानीयस्तरमा भएका कार्यक्रमहरूको सार्वजनिक लेखापरीक्षण, सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम आयोजना गरी जवाफदेहीता र पारदर्शिता सुनिश्चित गर्ने,

(छ) शाखाले कार्ययोजना बमोजिमको कार्य गरे नगरेको सम्बन्धमा नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने,

(ज) लघु उद्यम प्रबर्द्धनको लागि आवश्यक देखिएमा विभिन्न उपसमिति वा कार्यदल गठन गरी कार्य सम्पादन गर्ने गराउने,

(झ) लघु उद्यमीका उत्पादनलाई बजार सुनिश्चित गर्न सम्बद्ध निजी क्षेत्रका सङ्घ संस्थासँग अन्तर्क्रिया, छलफल तथा परामर्श गर्ने,

(ञ) लघु उद्यमीलाई वित्तीय सुविधा उपलब्ध गराउन आफ्नो कार्यक्षेत्र भित्र वा नजीक रहेका वित्तीय संस्थाहरूको पहिचान गरी उद्यमीसँग सम्बन्ध स्थापित गराउने,

(ट) उद्यम विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्न गराउन घरेलु तथा साना उद्योग कार्यालय वा समिति, जिल्ला समन्वय समिति र अन्य सम्बद्ध सङ्घ संस्थासँग समन्वय स्थापित गर्ने,

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(ठ) स्थानीय श्रोत साधनको अधिकतम उपयोग गर्न उद्यमशीलता विकासका लागि चेतना फैलाउने,

(ड) लघु उद्यमी समूहको संस्थागत क्षमता अभिबृद्धि गर्न सहयोग गर्ने,

(ढ) उद्यम विकास तथा उद्यमशीलता सम्बन्धी सम्भावना खोजी गरी कार्यक्रम तर्जुमा गर्ने,

(ण) साझा सुविधा केन्द्र (उद्यम घर) को प्रस्ताव स्वीकृति तथा अनुगमन गर्ने,

(त) कार्यक्रमको लागि प्राप्त सशर्त अनुदानको अतिरिक्त स्थानीय तहले आफ्नो स्रोतबाट मेड मोडेल अनुरुप थप लघु उद्यमी सिर्जना तथा स्तरोन्नति गर्नका लागि बजेट विनियोजन गर्न कार्यलयलाई अनुरोध गर्ने,

(थ) कार्यक्रमको लागि छुट्याइएको बजेटलाई यस निर्देशिका बमोजिम परिचालन गर्ने,

(द) जेसीएमआईएसमा लघु उद्यमको प्रगति अध्यावधिक गर्न लगाउने,

(ध) कार्यक्रम कार्यान्वयनका क्रममा आइपर्ने बाधा अड्चन फुकाउने तथा नीतिगत रूपमा रहेका बाधा अड्चन फुकाउनका लागि मन्त्रालयसमक्ष सिफारिश गर्ने।

परिच्छेद-९

संस्थागत भूमिका तथा दायित्व

५४. **मन्त्रालयको भूमिका तथा दायित्वः** कार्यक्रम सञ्चालन तथा कार्यान्वयनको सन्दर्भमा मन्त्रालयको भूमिका तथा दायित्व देहाय बमोजिम हुनेछः-

(क) लघु उद्यम विकास कार्यक्रमका लागि निर्देशिका, कार्यविधि निर्माण गर्ने, मापदण्ड तथा मार्गदर्शन स्वीकृति तथा संशोधन/परिमार्जन गर्ने, गराउने,

(ख) कार्यक्रम कार्यान्वयन गर्न आवश्यक श्रोत साधन सुनिश्चित गर्ने,

(ग) वार्षिक योजना तथा बजेट तर्जुमा गरी स्वीकृत गर्ने, गराउने,

(घ) कार्यक्रमको प्रवर्द्धन तथा विस्तारका लागि विकास साझेदार र अन्य निकायसँग समन्वय, सहकार्य र समझदारी गर्ने,

याज्ञ प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(ङ) कार्यक्रमलाई प्रभावकारी र नतिजामुखी रूपमा सञ्चालन गर्ने स्थानीय तहलाई सूचकका आधारमा बजेट विनियोजनका लागि सिफारिश गर्ने,

(च) कार्यक्रमलाई प्रबर्द्धन गर्न सङ्घ, प्रदेश र स्थानीय तहका निकायसँग समन्वय गर्ने,

(छ) कार्यक्रमलाई आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोग परिचालन र व्यवस्थापन गर्ने,

(ज) कार्यक्रमलाई प्रभावकारी सञ्चालनका लागि समन्वय समितिलाई मार्गदर्शन एवं सहजीकरण गर्ने,

(झ) कार्यक्रमको कार्यान्वयन तथा यसको प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ञ) कार्यक्रमको पारदर्शिता तथा जवाफदेहिता सुनिश्चित गर्ने।

५५. <u>लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको भूमिका तथा दायित्वः</u> कार्यक्रमको प्रवर्द्धन, समन्वय र अनुगमनका लागि लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको भूमिका तथा दायित्व देहाय बमोजिम हुनेछः-

(क) लघु उद्यमको विकास विस्तार र स्तरोन्नतिका लागि नवीनतम् कार्यक्रम निर्माण गर्न र कार्यान्वयन गर्ने, गराउने;

(ख) उद्यमशीलता तथा सीप विकास सम्बन्धी विभिन्न तालिमका लागि आवश्यक पाठ्यक्रमको विकास, अद्यावधिक तथा स्तरीकरण गरी कार्यान्वयनको लागि समन्वय गर्ने,

(ग) कार्यक्रम लगायत सम्पूर्ण लघु उद्यमको तथ्याङ्क जेसीएमआईएस तथा मन्त्रालयले तोकेको सूचना व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्ने र सो को विश्लेषण गरी प्रतिवेदन गर्ने,

(घ) लघु उद्यमी सिर्जना र स्तरोन्नतिको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीच समन्वय गराउन सहजीकरण गर्ने,

(ङ) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने,

(च) मन्त्रालयले तोकेको लघु उद्यमसँग सम्बन्धित अन्य कार्य गर्ने ।

५६. <u>स्थानीय तहको भूमिका तथा दायित्वः</u> कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा स्थानीय तहको भूमिका तथा दायित्व देहाय बमोजिम हुनेछः-

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(क) लघु उद्यम विकास कार्यक्रमसँग सम्बन्धित स्थानीय तहले गर्नसक्ने नीतिगत व्यवस्था गर्ने,

(ख) लघु उद्यम विकास सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वय गर्ने,

(ग) कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहको तर्फबाट आवश्यक स्रोत र साधन जुटाउने,

(घ) लघु उद्यम विकासका क्षेत्रमा काम गर्ने महिला उद्यशीलता सहजीकरण केन्द्र, रोजगार सूचना केन्द्र लगायतका अन्य सरकारी, गैर सरकारी, विकास साझेदार तथा निजीक्षेत्रका सङ्गसंस्थासँग समन्वय गर्ने,

(ङ) तालिम कार्यक्रमको लागि स्वीकृत पाठ्यक्रमहरू उपलब्ध गराउने,

(च) लघु उद्यम विकास सम्बन्धी सञ्चालित कामको नियमित अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गरी सम्बद्ध उद्यम विकास सहजकर्ता, सेवा प्रदायक संस्था र शाखालाई निर्देशन दिने,

(छ) मन्त्रालयमा नियमित समन्वय गरी तोकिएको ढाँचामा प्रतिवेदन पेश गर्ने,

(ज) कार्यक्रमका लागि आवश्यक दक्ष जनशक्ति यसै निर्देशिका बमोजिम परिचालन गर्ने,

(झ) कार्यक्रमसँग सम्बद्ध उद्यम विकास सहजकर्ता, कर्मचारी वा सेवा प्रदायक संस्थालाई आवश्यक निर्देशन तथा सुझाव दिने,

(ञ) लघु उद्यमीलाई वित्तीय सुविधा उपलब्ध गराउन स्थानीयतहमा कार्यरत वित्तीय संस्थासँग समन्वय र सहजीकरण गर्ने,

(ट) कार्यक्रमको प्रगति विवरण कार्यपालिकाको बैठकमा छलफल गर्ने र देखिएका कमी कमजोरी सुधारका लागि सम्बन्धित शाखालाई निर्देशन दिने,

(ठ) लघु उद्यम विकासमा काम गर्ने सरकारी, गैर सरकारी, निजीक्षेत्र, नागरिक समाजका सङ्गसंस्थासँग कार्यगत सम्बन्ध स्थापित गरी कार्यक्रम कार्यान्वयनका लागि अनुकूल वातावरण तयार गर्ने,

(ड) स्थानीय तहमा सञ्चालन हुने आय आर्जन, सीपमूलक तालिम, रोजगारी सिर्जनाजस्ता कार्यक्रमलाई लघु उद्यम विकास (मेड)

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मोडेलमा एकीकृत सेवा प्रदान गरी एकरुपता कायम गर्न समन्वय तथा सहजीकरण गर्ने,

(ढ) उद्यम विकास समितिलाई समय समयमा आवश्यक निर्देशन दिने,

(ण) लघु उद्यम विकास सम्बन्धी भएका कार्यक्रमको सार्वजनिक लेखा परीक्षण, सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रमहरू आयोजना गरी जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्ने ।

५७. <u>सेवा प्रदायक संस्थाको भूमिका तथा दायित्वः</u> यस निर्देशिकामा अन्यत्र उल्लिखित भुमिका तथा दायित्वका अतिरिक्त कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा सेवा प्रदायक संस्थाको भूमिका तथा दायित्व देहाय बमोजिम हुनेछः-

(क) सम्झौता बमोजिम तालिमहरू प्रदान गर्ने,

(ख) सेवा प्रदान गर्ने सन्दर्भमा गुणस्तरीयता, पारदर्शिता, विश्वसनीयता कायम गर्ने,

(ग) नतीजामूलक सेवा प्रदान गर्ने सम्बन्धमा सम्झौतामा उल्लिखित शर्तहरूलाई पालना गर्ने,

(घ) लघु उद्यमीको सिर्जना र स्तरोन्नति सम्बन्धी तालिमका सूचना र प्रतिवेदन सहजकर्ता र शाखालाई उपलब्ध गराउने,

(ङ) लघु उद्यमसँग सम्बन्धित निकायहरूसँग प्रत्यक्ष सम्पर्क र समन्वय कायम गरी कार्यक्रम कार्यान्वयन गर्ने।

परिच्छेद-१०

<u>अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन</u>

५८. <u>कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेः</u> (१) मन्त्रालय तथा स्थानीय तहले उपयुक्त सूचकहरू निर्धारण गरी कार्यक्रमको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) स्थानीय तहमा शाखा तथा उद्यम विकास समितिले कार्यक्रमको नियमित अनुगमन गर्नेछ। उद्यम विकास समितिले गरेको अनुगमनको प्रतिवेदन उद्यम विकास समितिको सदस्य-सचिवले कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) प्रत्येक स्थानीय तहमा कार्यक्रमको कार्यान्वयनको सम्बन्धमा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्न उद्यम विकास समिति मातहत रहने गरी देहायको एक अनुगमन उपसमिति रहनेछः-

(क) कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख -संयोजक

(ख) उद्यम विकास समितिले तोकेको कार्यपालिकाको -सदस्य

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार सिंहदरबार

यादव प्रसाद कोइराला
सचिव

महिला सदस्य एक जना

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको स्थानीय तहको अधिकृतस्तरको कर्मचारी एक जना -सदस्य

(घ) स्थानीय स्तरमा रहेका लघु उद्यमी मध्ये संयोजकले तोकेको एक जना प्रतिनिधि -सदस्य

(ङ) शाखा प्रमुखले तोकेको शाखामा कार्यरत कर्मचारी -सदस्य-सचिव

(४) अनुगमन उपसमितिले अनुगमन गर्ने क्रममा सम्बन्धित वडाका वडाध्यक्षलाई आमन्त्रण गर्नु पर्नेछ।

(५) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने सम्बन्धमा अनुगमन उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् :-

(क) चौमासिक तथा बार्षिक प्रगति अवस्थाको विश्लेषणका लागि नियमित अनुगमन गर्ने,

(ख) उद्यम विकास सहजकर्ता वा सेवा प्रदायक संस्थाले सम्झौतामा उल्लेख भए बमोजिम काम गरे नगरेको सम्बन्धमा स्थलगत अनुगमन गरी वास्तविकता पत्ता लगाउने,

(ग) कार्यक्षेत्रमा देखिएका र अनुभव गरिएका राम्रा अभ्यास तथा सुधार गर्नु पर्ने पक्षहरूमा उद्यम विकास समितिमा छलफल गराउने,

(घ) स्तरोन्नति र प्रविधि हस्तान्तरणका सम्बन्धमा भैरहेका कार्यको उपलब्धि र प्रगति समीक्षा गर्ने।

(ङ) उद्यमीले उद्यममा गरेको अनुसूची-१५ बमोजिमको प्रगति विवरणको जानकारी लिने,

(च) अनुगमनका क्रममा कार्यसम्पादन सन्तोषजनक भए नभएको जानकारी उद्यम विकास समितिलाई तुरुन्त जानकारी गराउने,

(छ) उद्यम विकास सहजकर्ता वा व्यवसाय विकास सेवा प्रदायक संस्थाले पेश गरेको क्रियाकलापको कार्यक्रम सम्पादन र परिणामको आधारमा अनुसूची-१६ बमोजिमको प्रतिवेदन सहित भुक्तानीको लागि सिफारिश गर्ने,

(ज) सूचना प्रविधिलाई उपयोग गरी अनुगमनलाई प्रभावकारी र नतीजामुखी बनाउने।

(६) उद्यम विकास समितिले स्वीकृत गरेको कार्ययोजना बमोजिम कार्यक्रमको नियमित तथा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

माधव प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(७) स्थानीय तहमा अनुगमनलाई प्रभावकारी बनाउन उद्यम विकास सहजकर्ता वा सेवा प्रदायक संस्थाले अनुगमन फाराम भर्न सहयोग गर्नु पर्नेछ ।

(८) अनुगमनकर्ताले अनुगमन गर्दा सशर्त अनुदानमा प्राप्त भएको बजेट र स्थानीय तहले छुट्याएको बजेट समेतको कार्यक्रमको अनुगमन गर्नु पर्नेछ ।

(९) अनुगमन उपसमितिको बैठक सम्बन्धी व्यवस्था सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५९. <u>प्रगति प्रतिवेदन तयार गर्नु पर्ने:</u> (१) मन्त्रालय, कार्यालय, शाखा लगायत यस निर्देशिका बमोजिम कार्यक्रमको कार्यान्वयनमा संलग्न हुने सबै निकायले समयमै प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उद्यम विकास सहजकर्ता वा सेवा प्रदायक संस्थाले आफ्नो कार्ययोजना अनुसार मासिक, चौमासिक र बार्षिक रुपमा अनुसूची-१७ बमोजिमको ढाँचामा महिना सकिएको पहिलो हप्ताभित्र कार्यक्रम सम्पन्न प्रतिवेदन शाखामा पेश गर्नु पर्नेछ ।

(३) उद्यम विकास सहजकर्ताले सम्पन्न भएका सबै क्रियाकलापलाई जेसीएमआईएसमा प्रविष्टि गर्नुपर्नेछ । जेसीएमआईएसमा प्रविष्टि भए नभएको हेर्ने जिम्मेवारी तथ्यांक ब्यवस्थापन शाखा वा एकाईको हुनेछ ।

(४) शाखाले उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदनलाई विश्लेषण गरी कार्यालयबाट सम्पादन भएका कामलाई समेत समावेश गरी चौमासिक प्रतिवेदन चौमासिक भुक्तान भएको सात दिनभित्र र वार्षिक प्रतिवेदन कार्यक्रमको भुक्तानीका लागि सिफारिश हुनु अगावै कार्यालयमा पेश गर्नुपर्नेछ ।

(५) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदन कार्यालयले विश्लेषण गरी चौमासिक र वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(६) प्रतिवेदन तयारी र पेश गर्ने व्यवस्थालाई प्रभावकारी बनाउन जेसीएमआईएस स्थापना गरी संस्थागत गर्नु पर्नेछ ।

(७) सेवा प्रदायक संस्थाले आफ्नो लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरण प्रचलित कानून बमोजिम कार्यालयमा पेश गर्नु पर्नेछ ।

(८) अनुगमनलाई नतिजामुखी बनाउन र प्रतिवेदन तयारीलाई व्यवस्थित गर्न मन्त्रालय र स्थानीय तहले जेसीएमआईएको प्रयोग गर्न सक्नेछन् ।

(९) स्थानीय तहले आवधिक रुपमा कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र र मन्त्रालयमा पठाउनु पर्नेछ ।

परिच्छेद-११

<u>विविध</u>

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

यादव प्रसाद कोइराला
सचिव

६०. <u>कार्यक्रम सञ्चालन गर्दा वित्तीय सुशासन जोखिम (फिड्युसियरी रिक्स) न्यूनीकरण गर्नु पर्ने:</u> कार्यक्रमको संस्थागत विकास, आर्थिक, वित्तीय सुशासन एवं विश्वसनीयता कायम गर्दै तत्सम्बन्धी सम्बन्धी जोखिमहरू न्यूनीकरण गर्नको लागि उद्यम विकास समितिले देहाय बमोजिमको काम गर्नु पर्नेछः-

(क) आफ्नो जिम्मेबारी निर्वाह गर्ने क्रममा काम कारबाही सञ्चालन गर्दा कार्यक्रमको सर्वोपरि हितलाई ध्यानमा राखी कार्यक्रमप्रतिको विश्वसनियता अभिवृद्धि गर्नु पर्ने,

(ख) सार्वजनिक खरिद सम्बन्धी कानून र यस निर्देशिका विपरीत कुनै पनि कार्यक्रम, क्रियाकलाप र सेवा प्रवाह सम्बन्धी कार्यसञ्चालन गर्न नपाईने,

(ग) यस निर्देशिकामा उल्लेख भए बमोजिम नियमित रूपमा अनुगमन, प्रतिवेदन तथा समीक्षा गर्नु पर्ने,

(घ) मालसामान वा सेवा खरिद प्रक्रियामा हुनसक्ने अनियमितता, मिलोमतो र गुणस्तरहीनता जस्ता कानून विपरीतका कार्यहरू निरुत्साहित गर्दै पारदर्शिता, जवाफदेहिता र सहभागितालाई प्रवर्द्धन गर्नु पर्ने,

(ङ) लघु उद्यमीको हित विपरीत हुने गरी कार्यक्रम बजेट रकमबाट कुनै पनि काम गर्न नपाइने,

(च) साझा सुविधा केन्द्र(उद्यम घर), कोसेली घर, सौगात गृह सञ्चालन जस्ता प्रकृयामा सरोकारवालाको व्यापक सहभागिता जुटाउने र योजनाबाट प्राप्त हुने प्रतिफल प्रतिको विश्वास बढाउनु पर्ने,

(छ) कार्यक्रमको रकम फ्रिज नगर्ने मनसायले नियमभन्दा बढी पेश्की दिन वा अन्य खातामा रकमान्तर वा स्थानान्तरण गर्न नपाईने,

(ज) कार्यक्रमको काम कारबाहीको सन्दर्भमा नागरिक अनुगमन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, जनसर्वेक्षणको व्यवस्था गरी कोषलाई सेवाग्राही (लघु उद्यमी) प्रति उत्तरदायी ढङ्गबाट सञ्चालन गर्ने,

(झ) कार्यक्रम सम्बन्धी आम्दानी खर्चको विवरण मासिक रुपमा सूचना पाटीमा टाँस गरी सार्वजनिक गर्नु पर्ने, र सरोकारवालाबाट माग भै आएमा जुनसुकै बखत खर्चको विवरण उपलब्ध गराउनु पर्ने,

(ञ) यस निर्देशिकामा समावेस नभएको कुराको हकमा स्थानीय तहको सार्वजनिक खर्च र वित्तीय जवाफदेहिता तथा वित्तीय सुशासन

धावन प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

जोखिम न्यूनीकरण कार्ययोजनामा समावेस भएका वित्तीय सुशासन जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्नु पर्ने ।

६१. **प्रतिनिधित्व गर्न नपाउने:** कार्यक्रम कार्यान्वयनको लागि व्यवसाय विकास सेवा प्रदायक संस्थाको रुपमा कार्य गर्ने कुनै पनि सङ्घ संस्थाले यस निर्देशिका बमोजिम गठन हुने कुनै समिति वा उपसमितिमा प्रतिनिधित्व गर्न पाउने छैन ।

६२. **प्रमाणपत्र दिन सकिने:** (१) कार्यक्रमलाई प्रभावकारी र नतीजामुखी बनाउन शाखाको सिफारिशमा उद्यम विकास समितिले वार्षिक रूपमा उत्कृष्ट उद्यमी, उद्यम विकास सहजकर्ता, सेवा प्रदायक संस्था तथा कार्यक्रममा प्रत्यक्ष रुपमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरूप प्रमाणपत्र प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने प्रमाणपत्रको ढाँचा उद्यम विकास समितिले तोके अनुसार हुनेछ।

(३) कार्यक्रमलाई प्रभावकारी र नतीजामुखी बनाउन योगदान गर्ने स्थानीय तहलाई मन्त्रालयले सूचक बनाई सशर्त अनुदानको रकममा बृद्धि गर्न सक्नेछ।

६३. **गुनासो व्यवस्थापन:** (१) कार्यक्रम सम्बन्धमा कसैको कुनै गुनासो भएमा कार्यालयको उजुरी पेटिका वा विद्युतीय माध्यमबाट उद्यम विकास समिति समक्ष पठाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको गुनासोको उचित व्यवस्थापन उद्यम विकास समितिले गर्नु पर्नेछ।

६४. **लागत सहभागिता (कस्ट शेयरिङ्ग) लाई प्राथमिकता दिने:** लघु उद्यम विकास अभियानलाई आत्मनिर्भर बनाउन स्थानीय तहले लागत सहभागितालाई प्राथमिकता दिई कार्यक्रम सञ्चालनमा क्रमशः लागत व्यहोर्दै जाने नीति अवलम्बन गर्नु पर्नेछ।

६५. **प्रविधि हस्तान्तरणका लागि थप कार्य गर्न सक्ने:** कार्यक्रमबाट नयाँ र स्तरोन्नति हुने उद्यमीलाई प्रविधिमा पहुँच पुऱ्याउन उद्यम विकास समितिले यस निर्देशिकामा तोकिएको प्रकृया बमोजिम देहायका स्रोत परिचालन गरी प्रविधि हस्तान्तरणको कार्यक्रम थप गर्न सक्नेछः-

(क) उद्यमी सिर्जना र स्तरोन्नतिको कार्यक्रममा तोकिएको लक्ष्य प्राप्त गरी बाँकी हुन आएको रकम,

(ख) स्थानीय तह वा प्रदेशले प्रविधि हस्तान्तरण गर्न चाहेमा त्यस बापत उपलब्ध रकम वा प्रविधि।

प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

६६. **स्थानीय तहले सहयोग लिन सक्ने:** स्थानीय तहले आफूले सञ्चालन गर्नुपर्ने कुनै सीप विकास वा अन्य तालिम जिल्ला घरेलु तथा साना उद्योग कार्यालय वा समितिको प्राविधिक सहयोग लिइ सञ्चालन गर्न र त्यस्ता कार्यालय वा समितिसंग मेड्पा कार्यक्रमसंग सम्बन्धित प्रविधि रहेछ भने सो समेत माग गरी लघु उद्यमी समूहलाई उपलब्ध गराउन सक्नेछन।

६७. **स्वास्थ्य सम्बन्धी सुरक्षाका मापदण्डको पालना गर्नु पर्ने:** उद्यमी सिर्जना तथा स्तरोन्नतिको लागि लक्षित समूहमा कार्यक्रम सञ्चालन गर्दा संक्रामक रोगको बारेमा सचेत गराउनुका अतिरिक्त नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्नु पर्नेछ ।

६८. **उद्यम विकास सहयोगी परिचालन गर्न सक्ने:** (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले सहजकर्ता छनौट प्रकृयामा तोकिएको योग्यता भएको कुनै सहजकर्ताको आवेदन नपरेमा देहायको योग्यता भएका व्यक्तिलाई कार्यालयले सेवा करारमा नियुक्त गरी उद्यम विकास सहयोगीको रूपमा परिचालन गर्न र कार्यक्रम सञ्चालन गर्न सक्नेछः-

(क) प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र

(ख) उद्यम तथा उद्यमशीलता विकास, आय आर्जन, सामाजिक परिचालन वा सीप विकासको क्षेत्रमा कम्तीमा दुई वर्षको अनुभव भएको,

(२) उपदफा (१) बमोजिम करार सम्झौता गर्ने व्यक्तिलाई मन्त्रालयको प्राविधिक सहयोगमा स्थानीय तहले मेड मोडेल सम्बन्धी अभिमूखीकरण वा तालिम दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम करार सम्झौता गरिएका र उपदफा (२) बमोजिमको अभिमूखीकरण वा तालिम लिएका जनशक्तिले उद्यम विकास सहयोगीको रुपमा उद्यम विकास सहजकर्ताले गर्नु पर्ने भनी अनुसूची-१ मा उल्लेख भएका कार्य गर्नु पर्नेछ।

६९. **अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्ने:** मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेछ।

७०. **बाधा अड्काउ फुकाउने सक्ने:** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

७१. **खारेजी तथा बचाउः** (१) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७० खारेज गरिएको छ।

यादव प्रसाद काइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(२) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७० बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

यादव प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ५ को उपदफा (५) र दफा ६८ को उपदफा (३) सँग सम्बन्धित)

उद्यम विकास सहजकर्ताको कार्य विवरण

पदः उद्यम विकास सहजकर्ता

योग्यताः दफा ६ को खण्ड (क)/(ख)/(ग)/दफा ६८ अनुसारको (खुलाउने)

कार्यस्थानः स्थानीय तह /उद्योग विकाससँग सम्बन्धित शाखा वा उपशाखा

अवधिः मिति ..... देखि ..... सम्म

(१) उद्यम विकास सहजकर्ताका कार्य जिम्मेवारीहरुः-

उद्यम विकास सहजकर्ताले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम उद्योग विकास शाखा वा उपशाखाको मातहत देहाय बमोजिमको कार्य गर्नु पर्नेछः-

(क) नयाँ उद्यमीको सिर्जना तर्फः

- वडास्तरमा लघु उद्यम विकास (मेड) मोडेल सम्बन्धमा अभिमूखीकरण गर्ने,
- तोकिएको वडा/बस्तीमा सहभागितात्मक ग्रामीण लेखाजोखाको पद्धतिबाट स्थानीय स्रोत साधन, बजार र लक्षित वर्गको पहिचान तथा लघु उद्यम विकासका लागि घरधुरी लगायतका सर्वेक्षण गरी सङ्कलित सूचना तथा तथ्याङ्क विश्लेषणको आधारमा प्रतिवेदन तयार गरी पेश गर्ने,
- लघु उद्यमी समूह गठन गर्ने, नियमित बैठक बसाउने, व्यावसायिक शिक्षा दिने र नेतृत्व विकास सम्बन्धी क्रियाकलाप गर्ने,
- सम्भावित लघु उद्यमीलाई उद्यमशीलता विकास तालिम (TOPE. TOSE) र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी तालिम प्रदान गर्ने,
- सहभागीले छनौट गरेका उद्यम/व्यवसायको व्यावसायिक योजना तयार गर्नका लागि सहजीकरण गर्ने,
- व्यावसायिक योजनाको आधारमा उपयुक्त देखिएको व्यवसायको छनौटको आधारमा प्राविधिक सीप विकास तालिमको लागि सहजीकरण गर्ने,
- लघु उद्यमीको उद्यमको स्थापना तथा सुरुवातका लागि आवश्यक वित्तीय सेवामा पहुँच उपलब्ध गराउनको लागि वित्तीय संस्था तथा सहकारी संस्थासँग समन्वय तथा सहजीकरण गर्ने,

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

- उपयुक्त प्रविधि सम्बन्धी सूचना सङ्कलन गर्ने र त्यसको सम्बन्धन उद्यमीसँग गराउन पहल गर्ने, गराउने,
- उद्यमीको बजार योजना तयार गरी त्यसलाई कार्यान्वयन गर्ने,
- उद्यमीलाई नियमितरूपमा भेटघाट गरी व्यावसायिक परामर्श दिने,
- साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापना तथा दिगो रूपमा सञ्चालनको लागि सहजीकरण गर्ने,
- लघु उद्यमीलाई प्रदान गरिएका सेवाको तथ्याङ्क अद्यावधिक गर्ने ।

(ख) उद्यमको स्तरोन्नति तर्फः

- सञ्चालनमा रही रहेका लघु उद्यमको व्यावसायिक क्षमता अभिवृद्धिका लागि आवश्यकता पहिचानको सम्बन्धमा SWOT Analysis गर्ने र त्यसको आधारमा तोकिएको बजेट तथा कार्यक्रमभित्र रही सहयोगको क्षेत्रको प्राथमिकीकरण गर्ने,
- उद्यमीको व्यवसाय व्यवस्थापन तथा व्यवसायको वृद्धिका लागि उद्यमशीलता विकास तालिम (TOEE. TOGE) सञ्चालन गर्ने,
- उद्यमीको व्यावसायिक क्षमता अभिवृद्धि गर्नका लागि देहायका विषयमा सहजीकरण गर्नेः-
  - लघु उद्यमीद्वारा उत्पादित वस्तुको बिक्री बढाउन,
  - उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्न,
  - प्रविधिमा पहुँच तथा हस्तान्तरण गर्न,
  - सीप विकास तालिम प्रदान गर्न,
  - लघु उद्यमीको नाफामा वृद्धि गर्न,
  - वस्तु विकास तथा विविधिकरण गर्न,
  - गुणस्तर नियन्त्रण तथा गुणस्तरिय वस्तु वा सेवाको उत्पादन गर्न,
  - बजार सञ्चालको विकास तथा व्यावसायिक परामर्श प्रदान गर्न,
  - उद्यमीले आंशिक रूपमा सञ्चालन गरेको उद्यमलाई पूर्ण रोजगारीमा परिवर्तन गराउन ।
- लघु उद्यमीलाई निजले सञ्चालन गरेको उद्यमबाट आधारभूत आर्थिक आवश्यकता पूरा गर्न सक्षम हुने स्तरमा नाफा आर्जन गर्न सक्षम बनाउन सहयोग गर्ने,
- लघु उद्यमी समूहको परिचालन तथा क्षमता अभिवृद्धिका लागि सहयोग गर्ने,

यादव प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

- लघु उद्यमीको व्यावसायिक कारोवार तथा प्रदान गरिएको सेवाको तथ्याङ्क अद्यावधिक गर्ने ।

(ग) अन्य

- कार्यक्रम सञ्चालन गर्दा आवश्यक पर्ने नीति निर्माणको लागि आवश्यकताको आधारमा स्थानीय तहलाई सहयोग गर्ने,
- स्थानीय तहको उद्योग विकास शाखा वा उद्योगसँग सम्बन्धित शाखासँग लघु उद्यमका लागि प्रत्यक्ष सम्पर्कमा रही तोकिएका कार्य गर्ने,
- यस कार्यक्रम तथा उद्यम विकास वा सीप विकास सम्बन्धी अन्य कार्यक्रम सञ्चालनको लागि परिचालित कर्मचारीको मेड मोडेलमा क्षमता अभिवृद्धि गर्न सहजीकरण गर्ने,
- स्थानीय तहमा सञ्चालन हुने बार्षिक योजना तर्जुमा प्रकृयामा लघु उद्यम विकास कार्यक्रमलाई मूलधारमा ल्याउनका लागि स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, लगायत अन्य साझेदार संघ संस्थालाई आफ्ना आफ्ना जिम्मेवारी तथा भूमिकाको बारेमा छलफल वा अनुशिक्षण पद्धती मार्फत सुसुचित गराउने,
- उद्यम विकास रणनीतिक योजना निर्माण तथा यसको कार्यान्वयनका लागि आवश्यकता अनुसार सहजीकरण गर्ने,
- स्थानीय तहले कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक सहजीकरण गर्ने,
- लघु उद्यम विकासका लागि सञ्चालन गरिएका सबै कार्यक्रम तथा बजेटको अनिवार्यरूपमा समुदायस्तरमा सार्वजनिक लेखा परीक्षण गरी प्रतिवेदन पेश गर्ने र स्थानीय तहले आयोजना गरेको सार्वजनिक सुनवाईमा सहभागी हुने,
- कार्यक्रमले तोकेको कार्य प्रगति प्रतिवेदन समयमा नै तयार गरी पेश गर्ने,
- उद्यमशीलता विकास सहजिकरण केन्द्र वा अन्य यस्तै प्रकृतिका संस्था/ एकाईसंग सम्भावना भएका क्षेत्रमा साझेदारी वा सहकार्य हुने गरी समन्वयमा कार्यक्रम सञ्चालन गर्ने,
- उद्योग विकास शाखाले लघु उद्यमसँग सम्बन्धित तोकिएका कार्य गर्ने,
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ मा उद्यम विकास सहजकर्ताले गर्ने भनी तोकिएका अन्य कार्यहरू गर्ने।

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(२) **उद्यम विकास सहजकर्तामा हुनुपर्ने सीपहरूः-**

- उद्यम विकास सहजकर्तामा मृदभाषी, स्थानीय भाषालाई सम्मान गर्ने, ध्यान दिएर सुन्ने, रचनात्मक उत्तर दिने, समुदायमा घुलमिल हुन सक्ने आदि सीप भएको,
- लघु उद्यमीलाई उनीहरूको उद्यम सफलतापूर्वक सञ्चालन गर्नका लागि व्यावसायिक परामर्श प्रदान गर्न सक्ने,
- लघु उद्यमका सफलताका पक्ष पहिचान गर्न सक्ने, सञ्चालित उद्यमको सवल र दुर्बल पक्षको विश्लेषण गरी सफल उद्यमको विकास गर्न सक्ने,
- उद्यमी र उद्यमको समस्याको पहिचान गर्न उद्यमीसँगको अन्तर्क्रिया, समाधानका उपाय खोजी गर्न सहभागितामूलक पहल, विश्लेषण तथा अनुभवको आधारमा उपयुक्त निर्णय गर्न सक्ने,
- लघु उद्यमी तथा उनीहरूको उद्यमको नियमित सुपरिवेक्षण, अनुगमन गरी आवश्यक सुझाव तथा उद्यम स्तरोन्नतिका लागि आवश्यक तालिमको आयोजना, सोको लागि अन्य सेवा प्रदायक संस्थासँगको समन्वय र सहकार्य गर्न सक्ने,
- उद्यमीसँग व्यवहारिक छलफलको माध्यमबाट दोहोरो सिकाईको वातावरण तयार गर्न सक्ने ।

(३) **सेवा करार सम्झौता समाप्त हुनेः** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५ को उपदफा (९) र दफा ७ को उपदफा (३) को अवस्था आए सोही बमोजिम हुनेछ । सोको अतिरिक्त उद्यम विकास सहजकर्तासँगको करार सम्झौता त्यस्तो सम्झौता हुँदाका बखतको शर्तमा आर्थिक बर्षको अगावै समाप्त हुने भनी सम्झौतामा तोकिएको भए सोही बमोजिम र सो नभएमा सोही आर्थिक वर्षको अन्तमा स्वतः समाप्त हुनेछ । सम्झौता भङ्ग भए भङ्ग भएको २ दिनभित्र वा सम्झौता समाप्त हुनु पूर्व आफ्नो जिम्मामा रहेको जिन्सी, नगद वा कागजात बरबुझारथ गर्नु पर्नेछ । बरबुझारथ नगरेमा प्रचलित कानून बमोजिम असुल उपर गरी कारबाही हुनेछ ।

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

लघु उद्यम विकासका लागि कार्य योजनाको ढाँचा (नमुना)

आ.व. .....

क्र.सं.	क्रियाकलाप	लक्ष्य	समय (चौमासिक)			बजेट (रु.)	मूख्य जिम्मेवार व्यक्ति
			पहिलो	दोस्रो	तेस्रो		
(क)	नयाँ उद्यमी सिर्जना						
१	उद्यम विकासका लागि सामाजिक परिचालनः						
१.१	पिआरए						
१.२	घरधुरी सर्वेक्षण सम्पन्न (फाराम ए र बी)						
१.३	सम्भाव्य लघु उद्यमीका रूपमा सहभागीहरूको छनौट						
१.४	भैरहेका उद्यमीहरू सम्भाव्य उद्यमीका रूपमा पहिचान भएमा (फाराम सी)						
१.५	बजार सर्वेक्षण सम्पन्न (फाराम डी)						
१.६	उपयुक्त प्रविधि अध्ययन सम्पन्न (फाराम ई)						
१.७	श्रोत सम्भाव्यता अध्ययन सम्पन्न (फाराम एफ)						
१.८	वातावरण परीक्षण सम्पन्न (फाराम जी)						
१.९	लघु उद्यमी समूहको गठन तथा परिचालन						
२	उद्यमशीलता विकास तालिम						
२.१	उद्यमशीलता विकास तालिम सञ्चालन (टोपे, टोसे र लैङ्गिक सचेतना)						
२.२	व्यावसायिक योजना तयार गरिने सङ्ख्या						
२.३	उद्यम व्यवसायको छनौट						
३	प्राविधिक सीप विकास तालिम						

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

३.१	व्यवासायिक योजनाको आधारमा छनौट भएका उद्यमको आधारमा सीप विकास तालिम						
४	लघु वित्तमा पहुँच						
४.१	लघु उद्यमी र वित्तीय सेवा प्रदायकसँग अन्तरक्रिया						
४.२	लघु कर्जा प्राप्त गर्ने उद्यमीहरूको सङ्ख्या						
४.३	लघु उद्यमको विमाको लागि सहजीकरण						
५	उपयुक्त प्रविधिमा पहुँच तथा हस्तान्तरण						
५.१	उपयुक्त प्रविधि आपूर्ति गर्ने संस्थाहरूको रोस्टर तयारी						
५.२	प्रविधि आपूर्तिकर्तासँग सम्बन्धन विकास						
५.३	उपयुक्त प्रविधि हस्तान्तरण						
६	बजार सम्बन्धन विकास						
६.१	उद्यमी र क्रेताहरू बीच अन्तर्क्रिया						
६.२	बजार प्रवर्द्धनात्मक क्रियाकलापहरू						
६.३	अन्य बजार विकास सम्बन्धी क्रियाकलापहरू						
७	व्यावसायिक परामर्श सेवा						
८	साझा सुविधा केन्द्र स्थापना तथा सञ्चालनमा सहजीकरण						
८.१	सम्भाव्यता अध्ययन गर्ने तथा व्यावसायिक योजना तयार गर्ने						
८.२	सम्झौता सम्पन्न गर्ने						
८.३	साझा सुविधा केन्द्रको निर्माण सम्पन्न						
९	लघु उद्यमी सिर्जना सङ्ख्या						
(ख)	**भइरहेको उद्यमीको स्तरोन्नति**						
१	स्तरोन्नतिको लागि आवश्यकता पहिचान गर्ने						
२	आवश्यकता पहिचानको आधारमा पुनर्ताजगी तथा स्तरोन्नति तालिम						

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

३	प्रविधि हस्तान्तरण तथा प्रविधि पहुँचका लागि सहजीकरण						
४	बजारीकरणमा सहयोग						
५	व्यावसायिक परामर्श						
६	कुल स्तरोन्नति हुने उद्यमीको सङ्ख्या						
(ग)	**कुल रोजगारी सिर्जना हुने सङ्ख्या**						
१	नयाँ उद्यमीबाट रोजगारी सिर्जना हुने सङ्ख्या						
२	स्तरोन्नतिबाट थप रोजगारी हुने सङ्ख्या						
(घ)	**गरिबीको रेखाबाट माथि आउने लघु उद्यमीहरूको सङ्ख्या**						

नोटः कार्यक्रम सञ्चालन नतिजामूखी भएकाले माथि उल्लिखित प्रक्रियाहरूबाट वर्षको अन्तमा तोकिएको लक्ष्यमा उद्यमी सिर्जना भएको हुनु पर्नेछ । कार्यक्रमको लागि बजेट तय गर्दा यसै अनुसूचीको तालिका नं. १ बमोजिम र कार्यान्वयन तालिका नं. २ बमोजिम गर्नु पर्नेछ।

तयार गर्ने	सिफारिस गर्ने	स्वीकृत गर्ने
उद्योग विकास शाखा	प्रमुख प्रशासकीय अधिकृत	अध्यक्ष, उद्यम विकास समिति

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

तालिका नं. १

उद्यमी सिर्जना तथा स्तरोन्नतिका लागि बजेट तर्जुमाको दायरा

क्रियाकलापहरू	बजेट प्रतिशत दायरा (Budget range in percentage)
नयाँ लघु उद्यमी सिर्जना तर्फ	
उद्यम विकासका लागि सामाजिक परिचालन	३ प्रतिशत सम्म
उद्यमशीलता विकास तालिम (आफ्नो व्यवसाय सुरु तथा सुधार गर्नुहोस्)	७ देखि ९ प्रतिशत सम्म
प्राविधिक सीप विकास तालिम	३५ देखि ४१ प्रतिशत सम्म
प्रविधि हस्तान्तरण	१५ देखि १८ प्रतिशत सम्म
वित्तीय सेवामा पहुँच	३ देखि ४ प्रतिशत सम्म
बजारीकरणमा सहयोग	३ देखि ५ प्रतिशत सम्म
उद्यम विकास सहजकर्ता परिचालन	२४ देखि ३३ प्रतिशत सम्म
लघु उद्यमीको स्तरोन्नति तर्फ	
उद्यमीहरूको स्तरोन्नति (पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम)	१०० प्रतिशत
समूहमा प्रविधि हस्तान्तरण	१०० प्रतिशत
साझा सुविधा केन्द्र (उद्यम घर) (बजेटमा व्वयस्था भएका स्थानीय तहमा मात्र)	१०० प्रतिशत

(नोटः स्थानीय तहमा नयाँ लघु उद्यमीको लागि प्रति उद्यमी सिर्जना लागत तराई, भित्री मधेश, काठमाडौं उपत्यकाका जिल्लाका लागि रु.२५०००; पहाडी जिल्लाका लागि रु. २५००० देखि रु.२८००० र हिमाली जिल्लाहरूका लागि रु. २५००० देखि रु.३०००० का आधारमा र उद्यमीको स्तरोन्नतिको लागि उल्लिखित भौगोलिक विभाजनको सुगमता र विकटताको आधारमा प्रति उद्यमी लागत रु. १०००० र रु.१२००० सम्मको दायरालाई आधार मानी (चालु आ.व.लाई आधार वर्ष मानी) बजेटको प्रतिशत दायरा तयार गरिएको छ। उल्लिखित लागतका विषयमा आवधिकरूपमा मन्त्रालयले परिमार्जन गर्न र लक्ष्य निर्धारण गर्न सक्नेछ।)

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

तालिका नं. २

उद्यम विकास सहजकर्ताले तयार गर्नु पर्ने कार्ययोजना (नमूना)

(अनुसूची २ बमोजिमको स्वीकृत कार्ययोजना कार्यान्वयनका लागि)

क्र.सं.	कृयाकलापहरू	लक्ष्य	समय अवधि (मासिक)												जिम्मेवारी	कैफियत
			श्रावण	भाद्र	आश्विन	कार्तिक	मंसिर	पौष	माघ	फागुन	चैत	वैशाख	जेष्ठ	आषाढ		
(क)	नयाँ उद्यमी सिर्जना															
१	उद्यम विकासका लागि सामाजिक परिचालनः															
१.१	स्थानीयतहको अभिमुखीकरण सम्पन्न															
१.२	पिआरए सम्पन्न															
१.३	घरधुरी सर्वेक्षण सम्पन्न (फाराम ए)															
१.४	सम्भाव्य लघु उद्यमीका रूपमा सहभागीहरूको छनौट															
१.५	यदि भैरहेका उद्यमीहरू कार्यक्रमको लागि सम्भाव्य उद्यमीका रूपमा पहिचान गरिएका छन् भने फाराम सी भर्ने															
१.६	बजार सर्भेक्षण सम्पन्न (फाराम डी)															
१.७	उपयुक्त प्रविधि अध्ययन सम्पन्न (फाराम ई)															
१.८	श्रोत सम्भाव्यता अध्ययन सम्पन्न (फाराम एफ)															
१.९	वातावरण परीक्षण सम्पन्न (फाराम जी)															
१.१०	लघु उद्यमी समूहको गठन तथा परिचालन															
२	उद्यमशीलता विकास तालिम															
२.१	उद्यमशीलता विकास तालिम सञ्चालन															
२.२	व्यक्तिगत व्यावसायिक योजना तयार गरेको सङ्ख्या															

यज्ञ प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

२.३	सामूहिक व्यावसायिक योजना तयार गरेको सङ्ख्या															
३	प्राविधिक सीप विकास तालिम															
३.१																
३.२																
३.३																
४	लघु वित्तमा पहुँच															
४.१																
४.२																
४.३																
५	उपयुक्त प्रविधिमा पहुँच तथा हस्तान्तरण															
५.१																
५.२																
५.३																
६	वजार सम्वन्धन विकास															
६.१																
६.२																
६.३																
७	व्यावसायिक परामर्श सेवा															
७.१																
७.२																
७.३																
८	साझा सुविधा केन्द्र स्थापना तथा सञ्चालनमा सहजीकरण															
८.१																
८.२																
८.३																
९	अन्य															
९.१																
९.२																
९.३																
१०	लघु उद्यमीहरू सिर्जना सङ्ख्या															
(ख)	भैरहेको उद्यमीहरूका स्तरोन्नति															

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

१	स्तरोन्नतिको लागि आवश्यकता पहिचान															
२	पुनर्ताजगी तथा स्तरोन्नति तालिम															
३	प्रविधि हस्तान्तरण तथा प्रविधि पहुँचका लागि सहजीकरण															
४	बजारीकरणमा सहयोग															
(ग)	रोजगारी सिर्जना हुने सङ्ख्या															
(घ)	गरिबीको रेखाबाट माथि आउने लघु उद्यमीहरूको सङ्ख्या															

तयार गर्ने
उद्यम विकास सहजकर्ता

स्वीकृत गर्ने
शाखा प्रमुख

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची-३

(दफा ११ सँग सम्बन्धित)

कार्यक्रमको बजेट तथा कार्यक्रमको बाँडफाँड

स्थानीय तहले कार्यक्रमको लागि प्राप्त गर्ने बजेट तथा कार्यक्रमलाई लघु उद्यम विकास (मेड) मोडेल अनुरूपका क्रियाकलापहरूमा वर्गीकरण गरी कुल प्राप्त बजेटलाई देहायको तालिकामा उल्लिखित प्रतिशतको दायराभित्र रही स्थानीय तहले आफैंले तथा व्यवसाय विकास सेवा प्रदायक संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सक्नेछ :-

क्रियाकलापहरू	बजेट प्रतिशत दायरा (Budget range in percentage)	कार्यक्रम सञ्चालन
नयाँ लघु उद्यमी सिर्जना तर्फ		
उद्यम विकासका लागि सामाजिक परिचालन	बढीमा ३ प्रतिशत सम्म	स्थानीय तह आफैंले सहजकर्ता मार्फत
उद्यमशीलता विकास तालिम (आफ्नो व्यवसाय सुरुवात तथा सुधार)	७ देखि ९ प्रतिशत सम्म	स्थानीय तह आफैंले सञ्चालन गर्ने सहजकर्ता मार्फत
प्राविधिक सीप विकास तालिम	३५ देखि ४१ प्रतिशत सम्म	सेवा प्रदायक संस्था मार्फत गर्न सक्ने
प्रविधि हस्तान्तरण	१५ देखि १८ प्रतिशत सम्म	स्थानीय तह आफैंले गर्ने
वित्तीय सेवामा पहुँच	३ देखि ४ प्रतिशत सम्म	स्थानीय तह आफैंले सञ्चालन गर्ने सहजकर्ता मार्फत
बजारीकरणमा सहयोग	३ देखि ५ प्रतिशत सम्म	स्थानीय तह आफैंले सञ्चालन गर्ने सहजकर्ता मार्फत
उद्यम विकास सहजकर्ता परिचालन	२४ देखि ३३ प्रतिशत सम्म	स्थानीय तहले सेवा करार सम्झौता गरी परिचालन गर्ने
लघु उद्यमीको स्तरोन्नति तर्फ		
उद्यमीहरूको स्तरोन्नति (पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम)	१०० प्रतिशत	सेवा प्रदायक संस्था मार्फत गर्न सक्ने
समूहमा प्रविधि हस्तान्तरण	१०० प्रतिशत	स्थानीय तहले आफैंले गर्ने

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

साझा सुविधा केन्द्र (उद्यमघर)	१०० प्रतिशत	स्थानीय तह आफैंले गर्ने

नोटः स्थानीय तहमा नयाँ लघु उद्यमीको लागि प्रति उद्यमी सिर्जना लागत तराई, भित्री मधेश, काठमाडौं उपत्यकाका जिल्लाका लागि रु.२५०००; पहाडी जिल्लाका लागि रु. २५००० देखि रु.२८००० र हिमाली जिल्लाहरूका लागि रु. २५००० देखि रु.३०००० का आधारमा र उद्यमीको स्तरोन्नतिको लागि उल्लिखित भौगोलिक क्षेत्रको सुगमता र विकटताको आधारमा प्रति उद्यमी लागत रु. १०००० र रु.१२००० सम्मको दायरालाई आधार मानी (चालु आ.व.लाई आधार वर्ष मानी) बजेटको प्रतिशत दायरा तयार गरिएको छ। उल्लिखित लागतका विषयमा मन्त्रालयले आवधिक रूपमा परिमार्जन गर्न र कार्यक्रमको लक्ष्य निर्धारण गर्न सक्नेछ ।

यादव प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

अनुसूची-४

(दफा १२ को उपदफा (१), (२) र दफा १३ सँग सम्बन्धित)

सेवा प्रदायक संस्थाको कार्यविवरण तथा आशयपत्र

१. सामान्य जानकारी

१.१ परियोजनाको शीर्षक	
१.२ परियोजनाको स्थानीय तह/ जिल्ला/प्रदेश	
१.३ संस्थाको नाम	
१.४ संक्षिप्त नाम कुनै छ भने	
१.५ संस्थाको कानूनी अवस्था	राष्ट्रिय/जिल्ला गैर सरकारी संस्था/फर्म
१.६ सम्पर्क विवरण जस्तैः सम्पर्क व्यक्ति, ठेगाना, फोन, फ्याक्स, इमेल	
१.७ दर्ता भएको मिति, दर्ता गरिएको कार्यालयहरूको नाम; जस्तैः समाज कल्याण परिषद्, जिल्ला प्रशासन कार्यालय, कम्पनी रजिष्ट्रार कार्यालय आदि	
१.८ काम सुरु गरेको मिति	
१.९ दर्ता नवीकरणको अन्तिम मिति	

२. सेवा प्रदायक संस्थाको उद्देश्य तथा क्षमता

२.१ विधानमा उल्लिखित संस्थाको प्रमुख उद्देश्यहरू समावेश गर्ने (संस्थाको विधानको प्रतिलिपि संलग्न गर्ने)	
२.२ संस्थाको योग्यता (जस्तैः कृषिमा, वनमा, पर्यटनमा, सेवामा आधारित उद्यमहरूको विकासका क्षेत्रमा)	
२.३ कार्यक्रम व्यवस्थापन निर्देशिका (संस्था छनौट पछि हेरिने)	
२.४ संस्थामा रहेको लैङ्गिक र सामाजिक समावेशीकरणको अवस्था (जस्तैः कर्मचारी भर्नामा, कर्मचारीको जिम्मेवारीमा, लाभांश वितरणमा आदि)	

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

२.५ संस्थाको कति जना कर्मचारी या सदस्यहरूले उद्यमशीलता/लघु उद्यम विकासको माध्यमबाट गरिबी निवारणको लागि तालिम प्राप्त तथा अनुभव हासिल गरेका छन् ? कति जना कर्मचारीको उद्यम विकास सहजकर्ता या अधिकृतको रूपमा काम गरेको अनुभव छ ?	
२.६ विगतमा संस्थाले उद्यम विकासको क्षेत्रमा के कति सफलता पाएको छ ?	
२.७ विगतमा संस्थाले दातृ संस्थाहरूसँग या साझेदारीमा काम गरेका संस्थाहरू (यदि भएमा लेख्ने)	

३. विगत कामको अनुभव

३.१ कामको किसिम	३.२ जिल्ला	३.३ गाउँपालिका/ नगरपालिका	३.४ लाभान्वितहरू		३.५ कार्य गरेको अवधि	३.६ कोष परिचालन रुपैयाँमा	३.७ कोषको श्रोत	३.८ परिणाम हासिल
			जम्मा	महिला प्रतिशतमा				

३.९ पहिले काम गरेको विभिन्न संस्थाहरूको सिफारिश (कम्तिमा ३ वटा) समावेश गर्ने ।

३.१० संस्थाको छोटकरी प्रतिवेदन तथा प्रगति प्रोफाइल वा प्रकाशित भएको दस्तावेज कम्तीमा तीन वटा बुझाउन होला जसले संस्थाको सफलता हासिल गरेको देखिन्छ।

४. संस्थाको कार्यकारी समितिको संरचना

४.१ व्यक्तिको नाम	४.२ लिङ्ग	४.३ जात-जनजाति	४.४ बोर्डमा रहेको पद	४.५ शिक्षा-योग्यता	४.६ काम गरेको क्षेत्र र अनुभव गरेको वर्ष	४.७ सम्बन्धित जिल्लामा काम गरी अनुभव प्राप्त गरेका वर्षहरू

नोटः प्रस्तावित परियोजनामा बोर्डका सदस्यहरू कर्मचारी भएर काम गर्न पाउने छैन्।

५. संस्थामा रहेका मानव श्रोतहरू

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

५.१ व्यक्तिको नाम	५.२ लैङ्गिक	५.३ जात-जनजाति	५.४ बोर्डमा रहेको पद	५.५ शिक्षा-योग्यता	५.६ काम गरेका क्षेत्र र अनुभव गरेको वर्ष	५.७ सम्बन्धित जिल्लामा काम गरी अनुभव प्राप्त गरेका वर्षहरू (विशेष जिल्ला पनि)

६. परियोजनाका टोलीको संरचना (यस प्रस्तावित परियोजना कार्यन्वयनका लागि)

६.१ व्यक्तिको नाम	६.२ लैङ्गिक	६.३ जात-जनजाति	६.४ पेशागत अनुशासन	६.५ शिक्षा-योग्यता	६.६ काम गरेका क्षेत्र र अनुभव गरेको वर्ष	६.७ जिल्लामा काम गरी अनुभव प्राप्त गरेका वर्षहरू (जिल्ला तोक्ने)

नोटः प्रस्तावित परियोजनामा बोर्डको सदस्यहरू कर्मचारी भएर काम गर्न पाउने छैन् ।

७. एकैसाथ मिलेर र साझेदारीमा (Collaboration and Partnership)

७.१ एकैसाथ मिलेर र साझेदारीमा काम गरेको संस्थाहरू	७.२ एकैसाथ मिलेर र साझेदारीमा काम गर्नुको उद्देश्य	७.३ एकैसाथ मिलेर काम गरेको अवधि	कैफियत

८. वित्तीय तथा अन्य प्रणाली

८.१ बुक किपिङ्ग प्रणाली/वित्तीय/लेखा तथा प्रशासनिक प्रणाली	
८.२ यदि संस्था कर छुटको दायरामा पर्दछ भने कर छुटको प्रमाण पत्र ।	

यादव प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

८.३ गत २ वर्षको अडिट प्रतिवेदनको साथ अडिटरले दिएको टिका टिप्पणी समेतको फोटो कपि पेश गर्ने ।	
८.४ रजिष्ट्रेसनको प्रमाण पत्र र सूचीत नम्बर समाबेश गर्ने	
८.५ व्यक्तिगत, प्रशासनिक, र वित्तीय नीति/निर्देशिका (छनौटपछि प्रमाणित गरिने छ)	
८.६ ओभरहेडको उपयोग बारे रणनीति/निर्देशिका	

९. यदि संस्था कुनै पनि कानूनी विवादमा परेको भएमा सोको व्यहोरा खुलाउनुपर्नेछ ।

छ ..... छैन .....

१०. माथि लेखिएका सबै जानकारी सत्य छ भनी प्रमाणित गर्दछु ।

दस्तखतः .....

नामः

पदः

मितिः

यादव प्रसाद कोइराला
सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

Curriculum Vitae (व्यक्तिगत विवरण)

१. सामान्य परिचय (परिचय र सम्पर्क)

नाम :	
प्रस्तावित पद :	
लिङ्ग र उमेर :	
जात/जाति :	
ठेगाना :	
ईमेल :	
सम्पर्क नं :	

२. शैक्षिक योग्यता

शैक्षिक योग्यता	शैक्षिक संस्थाको नाम ठेगाना	उत्तिर्ण गरेको वर्ष

३. प्राप्त गरेका तालिमहरू

तालिमको नाम	तालिम प्रदान गर्ने संस्था	तालिम अवधि मिति.... देखि... सम्म

४. रोजगारीको बिवरण

पद	संस्थाको नाम ठेगाना	अवधि (देखि सम्म)	मुख्य भूमिका तथा दायित्व (जिल्लाको नाम समेत राख्ने)

५. References (कम्तीमा दुई जना)

मिति : ..... हस्ताक्षर : .....

मिति : ..... हस्ताक्षर : .....

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
